# निरन्तर नेपाली व्याकरण र रचना

कक्षा ५

लेखक तथा सम्पादक
डा. भूपहरि पौडेल

निरन्तर प्रकाशन
पुतलीसडक, काठमाडौँ-२९, नेपाल ।
फोन: ०१-४५४६३८४

नाम :..........................................................................................

कक्षा :........................................... रोल नं. ...............................

सेक्सन :......................................... विषय :.................................

विद्यालयको नाम :.......................................................................


| | | |
|---|---|---|
| पुस्तक | : | निरन्तर नेपाली व्याकरण र रचना, कक्षा–५ |
| लेखक तथा सम्पादक | : | डा. भूपहरि पौडेल |
| प्रथम संस्करण | : | २०७६, वैशाख |
| द्वीतिय संस्करण | : | २०७७, वैशाख |
| तृतिय संस्करण | : | २०७८, वैशाख (पूर्ण परिमार्जित) |
| | | पुनः मुद्रण २०८०, वैशाख |
| सर्वाधिकार | : | © प्रकाशकमा |
| प्रकाशक | : | निरन्तर प्रकाशन |
| | | काठमाडौँ, नेपाल |
| | | फोन नं. ०१–४५४६३८४ |
| मूल्य | : | रू. ३००।– |

छपाइ नेपालमा ।

# भूमिका

भाषाको प्रयोग मानव समाजमा दैनिक व्यवहारिक प्रयोजनका निमित्त गरिन्छ । सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपको विकास गर्नु भाषा सिकाइको प्रमुख सक्षमता हो । भाषाका यिनै चार सिप विकास गर्न विभिन्न व्याकरण निर्माण गरिएका छन् । यसरी निर्माण गरिएका व्याकरणहरू व्यवहारिकभन्दा पनि सैद्धान्तिक पद्धतिका रहेका पाइन्छन् । सैद्धान्तिक प्रकृतिका व्याकरणका पठनपाठनबाट विद्यार्थीहरूले भाषाका नियम जानेका हुन्छन् तर भाषा प्रयोगमा कठिनाइ महसुस पनि गरेका छन् । भाषा सिकाइमा रहेका विभिन्न कठिनाइहरूलाई सुधार गर्ने उद्देश्यले प्रस्तुत व्याकरण शृङ्खला लेखिएको हो । यस पुस्तकबाट व्याकरण शिक्षण गराउँदा विद्यार्थीहरूलाई घोक्न नलगाई उनीहरूकै परिवेश एवम् चित्रका माध्यमबाट सिकाउने प्रयास गरिएको छ । भाषा व्याकरण भनेको सिद्धान्तको व्याख्या र इतिहासको वर्णनमा भन्दा व्यवहारिक प्रयोग र अभ्यासमा केन्द्रित हुने पक्ष हुन् । यिनीहरूको व्यवहारिक प्रयोगका लागि भाषिक सीपहरूको प्रयोग हुनु जरुरी छ । अतः भाषा व्याकरणका यस्ता पाठ्य तथा अभ्यासपरक सामग्रीले अभ्यासात्मक पक्ष र गतिविधिमा जोड दिनु स्वभाविक भएकाले यस्तै अभ्यासपरक सामग्री तथा आगमनात्मक विधिले पाठ्यपुस्तकमा प्राथमिकता पाएका छन् ।

प्रस्तुत पुस्तक निरन्तर नेपाली व्याकरण र रचना कक्षा–५ शिक्षक मित्रहरूको अभिप्रेरणाबाट विद्यार्थीहरूका लागि लेखिएको हो । पुस्तक प्रकाशक वितरक निरन्तर प्रकाशनका सारथीद्वय रामहरि खड्का र पूर्ण बस्नेतमा हामी हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

अन्तमा यस पुस्तकलाई आधिकारिक तथा त्रुटिरहित बनाउन सक्दो प्रयास गरिएको छ तर पनि कतै त्रुटि रहन गएको हुन सक्छ त्यसका लागि विज्ञहरूबाट सकारात्मक सुझावको अपेक्षा गर्दछु ।

२०८०, बैशाख

– लेखक तथा सम्पादक

# विषयसूची


| | | |
|---|---|---|
| एकाइ १ | नाम | १ |
| एकाइ २ | सर्वनाम | ६ |
| एकाइ ३ | विशेषण | १२ |
| एकाइ ४ | क्रियापद | १८ |
| एकाइ ५ | अव्यय | २४ |
| एकाइ ६ | लिङ्ग | ३१ |
| एकाइ ७ | वचन | ३९ |
| एकाइ ८ | पुरुष | ४५ |
| एकाइ ९ | काल र पक्ष | ४९ |
| एकाइ १० | आदरार्थी | ६४ |
| एकाइ ११ | वाक्य | ६८ |
| एकाइ १२ | वर्णविन्यास | ७१ |
| एकाइ १३ | करण र अकरण | ८० |
| एकाइ १४ | विभक्ति | ८५ |
| एकाइ १५ | पदसङ्गति | ९० |
| एकाइ १६ | शब्दभण्डार | ९५ |
| एकाइ १७ | उखान टुक्का | ११४ |
| **खण्ड 'ख'** | **बोध तथा अभिव्यक्ति** | |
| एकाइ १ | बोध | १२३ |
| एकाइ २ | कथा लेखन | १२६ |
| एकाइ ३ | जीवनी लेखन | १२९ |
| एकाइ ४ | संवाद लेखन | १३२ |
| एकाइ ५ | चिठी/निवेदन लेखन | १३४ |
| एकाइ ६ | निबन्ध लेखन | १३७ |
| एकाइ ७ | कविता लेखन | १४० |

एकाइ
१

# नाम

१. तल दिइएका चित्र हेरेर पढ्नुहोस् :



सीता


डर



पृथ्वी



दुध


गाई


सुन


चरो


चामल


माया


ताँती



किताब


फौज

कुनै व्यक्ति, वस्तु, ठाउँ, समूह र भाव बुझाउने शब्दलाई **नाम** भनिन्छ ।

## २. नामका प्रकार

के र को प्रश्नको उत्तरमा आउने शब्दलाई नाम भनिन्छ । नाम पाँच प्रकारका छन् :




### (क) व्यक्तिवाचक नाम

राम, हरि, गीता, सगरमाथा, झापा, नेपाल, मुनामदन, मेची

कुनै व्यक्ति, स्थान, वस्तु, हिमाल, पहाडलाई तोकेर बुझाउने शब्दलाई व्यक्तिवाचक नाम भनिन्छ ।

### (ख) जातिवाचक नाम

फूल, नदी, हिमाल, पहाड, देवता, किताब, घर, चरा, पशु

एउटा मात्र वस्तु अथवा पदार्थलाई नबुझाई एउटा सिङ्गै जातिलाई बुझाउने नामलाई जातिवाचक नाम भनिन्छ ।

### (ग) द्रव्यवाचक नाम

सुन, माटो, पानी, तेल, दुध, हावा, धुवाँ, चाँदी, दही, चामल ।

नाप तौल गर्न सकिने ठोस, तरल अथवा ग्याँस पदार्थलाई बुझाउने नामलाई द्रव्यवाचक नाम भनिन्छ ।

## (घ) समूहवाचक नाम


जन्ती, हुल, बथान, बगाल, थुप्रो, रास, झुप्पो, गोलो, ताँती, फौज ।

कुनै व्यक्ति अथवा वस्तुको समूह बुझाउने नामलाई समूहवाचक नाम भनिन्छ ।

## (ङ) भाववाचक नाम

दया, माया, प्रेम, घृणा, दुःख, हाँसो, पीडा, रिस, सुख, खुसी, रोदन

देख्न र छुन नसकिने तर अनुभव मात्र गर्न सकिने नामलाई भाववाचक नाम भनिन्छ ।



## अभ्यास

१. **जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| व्यक्तिवाचक नाम | नदी, फूल, किताब, मानव |
| जातिवाचक नाम | हरि, सगरमाथा, रामायण, बाग्मती |
| द्रव्यवाचक नाम | दया, माया, घृणा, पीडा |
| समूहवाचक नाम | हावा, फलाम, चामल, दुध |
| भाववाचक नाम | जन्ती, भिड, गोलो, बथान |

२. **खाली ठाउँमा तीन-तीन ओटा नाम शब्द लेख्नुहोस् :**

(क) व्यक्तिवाचक ________ ________ ________

(ख) जातिवाचक ________ ________ ________

(ग) द्रव्यवाचक ________ ________ ________

(घ) समूहवाचक ________ ________ ________

(ङ) भाववाचक ________ ________ ________

३. **तल दिइएका शब्दहरूबाट व्यक्तिवाचक, जातिवाचक, द्रव्यवाचक, समूहवाचक तथा भाववाचक नाम पद छुट्याएर लेख्नुहोस् :**

जापाना, देश, हिमाल, सगरमाथा, पानी, चामल, प्रेम, सुन, तिहार, माछापुच्छ्रे, घर, सीता, देवता, जन्ती, ताँती, माया, धान, किताब, बाग्मती, रामायण

| व्यक्तिवाचक | जातिवाचक | द्रव्यवाचक | समूहवाचक | भाववाचक |
|---|---|---|---|---|
| | | | | |

४. **तल दिइएका शब्दहरूमध्ये कुन-कुन नाम हुन्, पत्ता लगाई लेख्नुहोस् :**

जान्छ, राम्रो, हिमाल, पर्छ, सरासर, जुलुस, तिहार, गुलियो, अग्लो, तिर, सँग, हावा, गोपाल, पुस्तक, नाच्छ, अगाडि, मुनि, ओहो, नेपाल, चीन, डोल्मा, सुत्छे, गयो, घर

५. **तलका खाली ठाउँमा तोकिएअनुसारका तीन-तीन ओटा नाम शब्द लेख्नुहोस् :**

नदीका नाम : ______ ______ ______

व्यक्तिका नाम : ______ ______ ______

वस्तुका नाम : ______ ______ ______

हिमाल तथा पहाडको नाम : ______ ______ ______

स्थानको नाम : ______ ______ ______

पुस्तकका नाम : ______ ______ ______

चाडपर्वका नाम : ______ ______ ______

६. तलका प्रश्नहरूको उत्तर दिनुहोस् :

(क) नाम भनेको के हो ?

(ख) नाम कति प्रकारका छन् ?

(ग) व्यक्तिवाचक नाम भनेको के हो ?

(घ) जातिवाचक नाम भनेको के हो ?

(ङ) द्रव्यवाचक नाम भनेको के हो ?

(च) समूहवाचक नाम भनेको के हो ?

(छ) भाववाचक नाम भनेको के हो ?

७. तपाईंले के के को समूह देख्नुभएको छ ? लेख्नुहोस् :

८. तपाईंका घरको भान्सामा द्रव्यवाचक नाम बुझाउने के के सामान छन् ? तालिमा लेख्नुहोस् :

| | | | |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

९. तपाईं हिजो शनिबार गोदावरीमा वनभोज जानुभएको थियो । गोदावरीमा तपाईंले कक्षामा पढेका नामपदका कुन कुन कुरा देख्नुभयो ? तलको तालिकामा लेख्नुहोस् :

| व्यक्तिवाचक | जातिवाचक | द्रव्यवाचक | समूहवाचक |
|---|---|---|---|
| | | | |

एकाइ २

# सर्वनाम

## १. तल दिइएका चित्र हेरेर पढ्नुहोस् :


म


हामी


तँ


तिमी


तपाईँ


आफू


ऊ


उनी


को

नामको सट्टामा प्रयोग हुने शब्दलाई सर्वनाम भनिन्छ ।

## २. सर्वनामका प्रकार

सर्वनाम पाँच प्रकारका छन् :


(क) पुरुषवाचक सर्वनाम

(ख) दर्शकवाचक सर्वनाम

(ग) सम्बन्धवाचक सर्वनाम

(घ) प्रश्नवाचक सर्वनाम

(ङ) निजवाचक सर्वनाम




## (क) पुरुषवाचक सर्वनाम



म पाठ पढ्छु ।

(बोल्ने व्यक्ति)



तिमी के खान्छौ ?

(सुन्ने व्यक्ति)



ऊ खेल्न जाँदै छ ।

(जसको बारेमा कुरा हुन्छ)

मान्छेको नामको सट्टामा प्रयोग गरिने सर्वनामलाई पुरुषवाचक सर्वनाम भनिन्छ ।

पुरुषवाचक सर्वनामका प्रथम पुरुवाचक सर्वनाम, द्वितीय पुरुषवाचक सर्वनाम र तृतीय पुरुषवाचक सर्वनाम गरी तीन प्रकारका हुन्छन् :

| प्रथम पुरुष | द्वितीय पुरुष | तृतीय पुरुष |
|---|---|---|
| म, हामी | तँ, तिमी, तपाईँ | ऊ, उनी, तिनी |
| म घर जान्छु ।<br>हामी पाठ पढ्छौँ | तँ घर जान्छस् ।<br>तिमी घर जान्छौ ।<br>तपाईँ घर जानुहुन्छ । | ऊ खेल्न गयो ।<br>उनी खेल्न गइन् ।<br>तिनी खेल खेल्छन् । |

## (ख) दर्शकवाचक सर्वनाम



यो मेरो घर हो ।



यी विद्यार्थीहरू हुन् ।



ती मेरा कलम हुन् ।



त्यो खाना खान्छ रे ।



यहाँले पढाउनु भएन ।



त्यहाँ गएर बस ।

मान्छेको नामका सट्टामा प्रयोग गरिने सर्वनामलाई पुरुषवाचक सर्वनाम भनिन्छ ।

## (ग) सम्बन्धवाचक सर्वनाम



जुन मन लाग्छ, त्यही खाऊ ।



जे मन लाग्छ, त्यही गर ।



जुन कपडा सुकिलो छ, त्यही लगाऊ ।



जो भित्र आए ती मेरा भाइ हुन् ।

नामको सट्टामा आई कुनै पनि व्यक्ति अथवा वस्तुको सम्बन्ध देखाउने सर्वनामलाई सम्बन्धवाचक सर्वनाम भनिन्छ ।


## (घ) प्रश्नवाचक सर्वनाम



कसले गीत गायो ?



विदेशबाट को आयो ?



माथिबाट के खस्यो ?



तिमी कहाँ जान्छौ ?



कुन कलम मन पर्छ ?



हिजो कक्षामा को को आएनन् ?

कुनै व्यक्ति अथवा वस्तुका बारेमा प्रश्न गर्दा नामकै काम गरेका सर्वनामलाई प्रश्नवाचक सर्वनाम भनिन्छ ।

## (ङ) निजवाचक सर्वनाम



म आफैँ पढ्छु ।




आफू त गइन्छ ।



दावा स्वयम् आफ्नो काम गर्छ ।

बोल्ने, सुन्ने र विषयमा आउने व्यक्ति आफैँलाई बुझाउने सर्वनामलाई निजवाचक सर्वनाम भनिन्छ ।

##  अभ्यास

१. **जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| पुरुषवाचक सर्वनाम | के, को, कुन, के के |
| दर्शकवाचक सर्वनाम | म, हामी, तँ, तिमी, ऊ |
| सम्बन्धवाचक सर्वनाम | आफू, आफैँ, स्वयम् |
| प्रश्नवाचक सर्वनाम | यो, यी, त्यो, त्यहाँ |
| निजवाचक सर्वनाम | जे, जुन, जो, जुनजुन |

२. **खाली ठाउँमा मिल्ने सर्वनाम शब्द भर्नुहोस् :**

(क) रमा खेल्न गएकी थिई । ________ निकै थाकेकी छे ।

(ख) परबाट ________ आउँदै छ हँ ?

(ग) किन ________ बुबासँग पैसा माग्नुहुन्छ ?

(घ) ________ पनि मेरो साथी हो ।

(ङ) हरि ________ आफ्नो काम गर्छ ।

(च) ________ मन लाग्छ त्यही गर ।

(छ) ________ मेरा भान्जा हुन् ।

(ज) हिजो कक्षामा ________ आएनन् ?

(झ) गल्ती गरेको भए पनि ________ इमानदार छ ।

३. **तलका सर्वनामका प्रकार छुट्याउनुहोस् :**

म, त्यो, यी, जुन, आफैँ, तिमी, उनी, को, स्वयम्, जोजो, कहाँ, के ।

| पुरुषवाचक | दर्शकवाचक | सम्बन्धवाचक | प्रश्नवाचक | निजवाचक |
|---|---|---|---|---|
| | | | | |

## ४. तलका शब्दबाट सर्वनाम शब्द बनाई गोलो ◯ घेरा लगाउनुहोस् :

| | | | | |
|---|---|---|---|---|
| ख | को | को | क | त्यो |
| हा | ग | ति | मी | ज |
| मी | ध | कु | न | जो |
| र | व | य | म् | जो |
| ची | त | ता | ई | छ |

## ५. तल दिइएका सर्वनाम शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

म : ____________________ ।

हामी : ____________________ ।

तँ : ____________________ ।

ऊ : ____________________ ।

उनी : ____________________ ।

जुन : ____________________ ।

यो : ____________________ ।

आफू : ____________________ ।

को : ____________________ ।

कुन : ____________________ ।

## ६. तल दिइएका प्रश्नहरूको उत्तर दिनुहोस् :

(क) सर्वनाम भनेको के हो ?

(ख) सर्वनाम कति प्रकारका छन् ?

(ग) पुरुषवाचक सर्वनाम भनेको के हो ?

(घ) सम्बन्धवाचक सर्वनाम भनेको के हो ?

(ङ) प्रश्नवाचक सर्वनाम भनेको के हो ?

(च) निजवाचक सर्वनाम भनेको के हो ?

एकाइ ३

# विशेषण


१. तल दिइएका चित्र हेरेर पढ्नुहोस् :



असल साथी



ठुलो रूख



धेरै घरहरू



पाँच रूपैयाँ



अमिलो कागती



तीन ओटा कलम



यो बादल



रातो फूल



ती मानिसहरू

नाम अथवा सर्वनामको गुण, दोष आदि विशेषता बुझाउने शब्दलाई विशेषण भनिन्छ ।

वाक्यमा कस्तो, कत्रो, कति र कुन प्रश्नका उत्तरमा आउने शब्दलाई विशेषण भनिन्छ ।

कस्तो ? : राम्रो, असल, नयाँ, चलाख ...............

कत्रो ? : ठुलो, सानो, अग्लो, होचो ..................

कति ? : धेरै, थोरै, अलिकति, निकै, प्रशस्त ................

कुन ? : यो, त्यो, ती, यी

## २. विशेषणका प्रकार

विशेषण चार प्रकारका छन् :

क) गुणबोधक विशेषण

ख) सङ्ख्याबोधक विशेषण

ग) परिमाणबोधक विशेषण

घ) सार्वनामिक विशोषण

### (क) गुणबोधक विशेषण



सेतो हिमाल



रसिलो कागती



ठुलो घर



नीलो आकाश



बुढो मान्छे



अग्ली केटी

नाम अथवा सर्वनामको गुण, दोष, रङ, आकार, अवस्था आदि बुझाउने विशेषणलाई गुणबोधक विशेषण भनिन्छ ।

## (ख) परिमाणबोधक विशेषण



धेरै कलमहरू




थोरै चामल



केही मानिसहरू



अलिकति दुध



प्रशस्त रूखहरू



निकै किताबहरू

कुनै पनि वस्तुको निश्चित सङ्ख्यालाई नबुझाई त्यसको यति, उति भन्ने परिमाण, तौल अथवा मात्रालाई बुझाउने विशेषणलाई परिमाणबोधक विशेषण भनिन्छ ।

## (ग) सङ्ख्याबोधक विशेषण



सय रूपैयाँ



एकतले घर




पहिलो विद्यार्थी



तीन ओटा पुस्तक



तेस्रो पाठ



दुई आँखा

नाम अथवा सर्वनामको मात्रालाई सङ्ख्याले तोकेर बुझाउने विशेषणलाई **सङ्ख्याबोधक विशेषण** भनिन्छ ।


## (घ) सार्वनामिक विशेषण



यो रूख



यी केटाहरू



ती मानिसहरू



त्यो लुगा

नामको अगाडि आएर त्यसको विशेषता बुझाउने सर्वनामलाई **सार्वनामिक विशेषण** भनिन्छ ।

## अभ्यास

**१. जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| गुणबोधक | यो, यी, त्यो, ती |
| परिमाणबोधक | होचो, ठुलो, धनी, रातो |
| सङ्ख्याबोधक | थोरै, प्रशस्त, निक्कै, अलिकति |
| सार्वनामिक | एक, पहिलो, दोब्बर, हजारौँ |

२. तलका शब्दहरूमध्ये विशेषण शब्दमा गोलो ◯ घेरा लगाउनुहोस् :

एक, जान्छ, दुध, राम्रो, तातो, पानी, आँप, गुलियो, सेतो, केटा, पढ्छ, यो, धेरै, आँप, नाच्छ, सय, पहिलो, त्यो, प्रशस्त, थोरै, राम्रो, बानी, लेख्छ, सीता, दरबार, अग्लो, सुन्दर, कलम, लामो, कालो

३. तलका विशेषणहरूको प्रकार छुट्याउनुहोस् :

| विशेषण | प्रकार | विशेषण | प्रकार |
|---|---|---|---|
| अमिलो | | जोसुकै | |
| एक | | पहिलो | |
| सबै | | प्रशस्तै | |
| रातो | | गुलियो | |
| सयौँ | | राम्रो | |
| पीरो | | पचास | |
| बुढो | | होचो | |
| जुन | | निकै | |

४. खाली ठाउँमा तीन तीन ओटा विशेषण शब्द लेख्नुहोस् :

(क) गुणबोधक : ______ ______

(ख) परिमाणबोधक : ______ ______

(ग) सङ्ख्याबोधक : ______ ______

(घ) सार्वनामिक : ______ ______

५. खाली ठाउँमा उपयुक्त विशेषण शब्द भर्नुहोस् :

(धेरै, त्यो, मिठो, यी, प्रशस्त, सय, तातो)

(क) मसँग ______ रूपैयाँ छ ।

(ख) बगैँचामा ______ थरी फूल फुलेका छन् ।

(ग) किसानले ______________ अन्न फलायो ।

(घ) ______________ कलम टेबलमा राख ।

(ङ) उसले ______________ दुध पियो ।

(च) ______________ घरहरू कसले बनायो ?

(छ) पाकेको केरा ______________ हुन्छ ।

**६. तल दिइएका विशेषण शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

हजार : ______________________________ ।

गरिब : ______________________________ ।

अमिलो : ______________________________ ।

प्रशस्त : ______________________________ ।

त्यो : ______________________________ ।

कुन : ______________________________ ।

पहिलो : ______________________________ ।

दोब्बर : ______________________________ ।

**७. तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) विशेषण भनेको के हो ?

(ख) विशेषण कति प्रकारका छन् ?

(ग) गुणबोधक विशेषण भनेको के हो ?

(घ) सङ्ख्याबोधक विशेषण भनेको के हो ?

(ङ) परिमाणबोधक विशेषण भनेको के हो ?

(च) सार्वनामिक विशेषण भनेको के हो ?

एकाइ ४

# क्रियापद

१. तल दिइएका चित्र हेरेर पढ्नुहोस् :




भाइ खेल्न जान्छ ।



आज पानी पर्‍यो ।



उनी गीत गाउँछिन् ।



चराहरू उडे ।



हिमाल अग्लो छ ।



म पाठ पढ्छु ।



हामी फुटबल खेल्छौँ ।



भैँसी घाँस खान्छ ।



रूखहरू ढले ।

वाक्यको अन्त्यमा आई कार्य, घटना र अवस्थालाई बुझाउने शब्दलाई क्रियापद भनिन्छ । क्रियापदले वाक्यलाई पूरा गर्छ ।

## २. क्रियापदका प्रकार

### (क) सकर्मक र अकर्मक क्रियापद

### (क) सकर्मक क्रियापद



सीता के खान्छिन् ?
सीता आँप खान्छिन् ।



हरि के हेर्छ ?
हरि सिनेमा हेर्छ ।

माथिको उदाहरणमा के खान्छिन् ? र के हेर्छ ? भनेर प्रश्न गर्दा उत्तर आउँछ । त्यसैले खान्छिन् र हेर्छ सकर्मक क्रिया हुन् ।

### (ख) अकर्मक क्रियापद



दिदी मन्दिर जानुभयो ।
(यस वाक्यमा के जानुभयो ? भनेर भन्दा उत्तर आउँदैन ।)



भाइ धुरुधुरु रोयो ।
(यस वाक्यमा के रोयो ? भनेर भन्दा उत्तर आउँदैन ।)

माथिको उदाहरणमा के जानुभयो र के रोयो भनेर प्रश्न गर्दा उत्तर आउँदैन। त्यसैले जानुभयो र रोयो अकर्मक क्रियापद हुन्।

## (ख) समापक र असमापक क्रिया



हामी बजार जान्छौँ।



सपना हाँस्दै आई।

वाक्य पूरा गर्ने क्रियापदलाई समापक क्रिया भनिन्छ।
वाक्यलाई पूरा गर्न नसक्ने क्रियापदलाई असमापक क्रिया भनिन्छ।

## (ग) मुख्य र सहायक क्रिया



भाइ पढ्दै छ।



भाइ पढ्न थाल्यो।

अर्थका दृष्टिले प्रमुख रहेको क्रियापदलाई मुख्य क्रिया भनिन्छ।
अर्थका दृष्टिले गौण मानिएको क्रियापदलाई सहायक क्रिया भनिन्छ।

## अभ्यास

१. **तलका शब्दहरूमध्ये क्रियापद चिनेर गोलो ◯ घेरा लगाउनुहोस् :**

गोरो, पढ्छ, भाग्यो, पैसा, नाच्छ, पढ्न, होला, सीता, सुन्दर, सय, खान्छ, आमा, पुस्तक, छैन, कुरा, हुन्छ, खाएछ, रातो, दिनु, अमिलो, खुसी, पनि, लाग्छु, हुन्न, मन, कालो, थाक्नु, पुस्तक, राम्रो, छ, हुन्, सफल, पानी, खेल्छ, लेख्यो ।

२. **उदाहरणमा दिए जस्तै तलका क्रियाका रूपहरू लेख्नुहोस् :**

| खेल् | खेल्छ | खेल्छौ | खेल्छन् | खेल्नुहुन्छ | खेल्छे | खेल्छिन् |
|---|---|---|---|---|---|---|
| भन् | | | | | | |
| बस् | | | | | | |
| लेख् | | | | | | |
| पढ् | | | | | | |
| नाच् | | | | | | |
| गर् | | | | | | |
| हिँड् | | | | | | |

३. **कोष्ठकबाट मिल्ने क्रियापद छानेर खाली ठाउँ भर्नुहोस् :**

(क) हामी खेल्न ________________ । (जान्छु, जान्छौँ, जान्छन्)

(ख) गाई घाँस ________________ । (खान्छिन्, खान्छे, खान्छ)

(ग) उनीहरू घुम्न ________________ । (जान्छ, गए, जान्छौ)

(घ) आमा खाना ________________ । (बनाउँछु, बनाउनुहुन्छ, बनाउँछन्)

(ङ) भाइले स्याउ ____________ । (खायो, खान्छिन्, खान्छन्)

(च) तँ खेल्न ____________ । (जान्छु, जान्छस्, जानुहुन्छ)

(छ) ऊ पाठ ____________ । (पढ्छु, पढ्छ, पढ्छन्)

## ४. जोडा मिलाउनुहोस् :

| | | | |
|---|---|---|---|
| म | | पढ्छौ | ____________ |
| हामी | | पढ्छ | ____________ |
| तँ | | पढ्छन् | ____________ |
| तिमी | | पढ्छिन् | ____________ |
| तपाईं | पाठ | पढ्छु | ____________ |
| ऊ | | पढ्छस् | ____________ |
| उनी | | पढ्नुहुन्छ | ____________ |
| उनीहरू | | पढ्छौँ | ____________ |

## ५. तलका वाक्यहरू सकर्मक अथवा अकर्मक के हुन् ? चिनेर खाली ठाउँमा लेख्नुहोस् :

(क) उसले भात खायो । ..................................

(ख) उनी धुरुधुरु रोइन् । ..................................

(ग) तिमी सिनेमा हेर्छौ । ..................................

(घ) भाइ शिक्षक बन्यो । ..................................

(ङ) मैले हरिलाई देखेँ । ..................................

(च) तिमी हाँस्यौ । ..................................

(छ) उसले भाइलाई पिट्यो । ..................................

६. **तलका वाक्यबाट समापक र असमापक क्रिया चिनेर खाली ठाउँमा लेख्नुहोस् :**

(क) म बजार घुमेर आएँ ।

समापक क्रिया ______________ असमापक क्रिया ______________

(ख) भाइ खेल्दाखेल्दै घर आयो ।

समापक क्रिया ______________ असमापक क्रिया ______________

(ग) हामी गीत गाएर नाच्छौँ ।

समापक क्रिया ______________ असमापक क्रिया ______________

(घ) तिमीहरू हिँडेर आयौ ।

समापक क्रिया ______________ असमापक क्रिया ______________

(ङ) म पसल गएर आउँछु ।

समापक क्रिया ______________ असमापक क्रिया ______________

७. **तलका प्रश्नहरूको उत्तर दिनुहोस् :**

(क) क्रियापद भनेको के हो ?

(ख) सकर्मक क्रियापद भनेको के हो ?

(ग) अकर्मक क्रियापद भनेको के हो ?

(घ) समापक क्रियापद भनेको के हो ?

(ङ) असमापक क्रियापद भनेको के हो ?

(च) मुख्य क्रियापद भनेको के हो ?

(छ) सहायक क्रियापद भनेको के हो ?

एकाइ ५

# अव्यय

## १. तल दिइएका चित्र हेरेर पढ्नुहोस् :



राम र मिना घर गए ।



ऊ सुटुक्क भाग्यो ।



मसँग पैसा छ ।



आत्था ! कति तातो पानी ।



सीता पो प्रथम भइछ ।



ऊ धुरुधुरु रोयो ।



रमा राम्ररी नाच्छिन् ।



छानामाथि चरो छ ।



आम्मै ! कत्रो सर्प ।

लिङ्ग, वचन, पुरुष, काल आदिका आधारमा परिवर्तन नहुने शब्दलाई अव्यय भनिन्छ ।

## २. अव्ययका प्रकार

अव्यय पाँच प्रकारका छन् :

(क) नामयोगी (ख) क्रियायोगी/क्रियाविशेषण

(ग) संयोजक (घ) विस्मयादिबोधक (ङ) निपात

## (क) नामयोगी



घरअगाडि धारो छ ।



भाइ खोलातिर गयो ।



बुबासँग मादल छ ।



टेबलमाथि कलम छ ।



झोलाभित्र किताब छ ।



दाजुभन्दा भाइ अग्लो छ ।

नाम, सर्वनाम र विशेषणसँग जोडिएर आउने अव्यय शब्दलाई नामयोगी भनिन्छ ।

## (ख) क्रियायोगी/क्रियाविशेषण



भाइ धुरुधुरु रोयो ।



फूल ढकमक्क फुल्यो ।



हरि ज्यादै मुर्ख छ ।



तिमी धेरै हाँस्छौ ।



बच्चा राम्ररी खेल्छ ।



म पढ्न बसेँ ।

क्रियापदको विशेषता बुझाउने अव्यय शब्दलाई क्रियायोगी/क्रियाविशेषण भनिन्छ ।

## (ग) संयोजक



उसले कापी र कलम किन्यो ।



उज्यालो भयो तर घाम देखिएन ।



ऊ आयो अनि फर्क्यो ।



तिमी चिया खान्छौ कि दुध ?



हरि बिरामी छ त्यसैले पढ्न गएन ।



तिमी राम्ररी पढ नत्र अनुत्तीर्ण हुन्छौ ।

दुई अथवा दुईभन्दा बढी शब्द र वाक्यहरूलाई जोड्ने अविकारी पदलाई संयोजक भनिन्छ ।

## (घ) विस्मयादिबोधक



वाह ! तिमीले खेल जित्यौ ।



आत्था ! आगोले पोल्यो ।



आहा ! तिमी आइपुग्यौ ।





आच्छु ! कस्तो जाडो भयो । स्याबास ! यसरी नै पढ । छि ! कस्तो फोहोर ।

मान्छेको मनमा उत्पन्न हुने हर्ष, पीडा, शोक, विस्मय, खुसी, घृणा आदि भाव बुझाउने पदलाई विस्मयादिबोधक भनिन्छ ।

## (ङ) निपात






तिमी नै जाऊ । तिमीले सुनेको हो र ? भाइ यहीँ बस ल ।





लौ आमा पनि आइपुग्नुभयो । तिमी मसँगै जाने हो कि ? ए बस त छुटिहालेछ ।

आफ्नो खास अर्थ नभएको तर वाक्यको अर्थमा मिठास उत्पन्न गराउन प्रयोग हुने अविकारी पदलाई निपात भनिन्छ ।



## अभ्यास

### १. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| नामयोगी | अनि, पनि, तर, र, किनभने |
| क्रियायोगी | आहा, आच्छु, हरे, स्याबास |
| विस्मयादिबोधक | ल, पो, त, नि, है |
| संयोजक | सित, तिर, सम्म, विना |
| निपात | कपाकप, बिस्तारै, बाहिर, खाएर |

### २. तलका शब्दहरूमध्ये कुन-कुन प्रकारका अव्यय शब्द हुन्, लेख्नुहोस् :

सित, अनि, छि, फटाफट, पो, सँग, नि, किनभने, आहा, हरे, ढकमक्क, बाहेक, तर, कि, माथि, भन्दा, राम्ररी, आज, पढाएर, अनुसार, झमक्क, ओहो, त, ए, भोलि, ज्यादै, पढ्न, निर, माथि, पछि ।

| नामयोगी | क्रियायोगी | संयोजक | विस्मयादिबोधक | निपात |
|---|---|---|---|---|
| | | | | |

### ३. खाली ठाउँमा मिल्ने अव्यय शब्द भर्नुहोस् :

(क) म ________ पुस्तक छ । (सित, तिर, पनि)

(ख) भाइ ________ रोयो । (सरासर, धुरुधुरु, राम्ररी)

(ग) ________ ! कस्तो तातो पानी । (आच्छु, आत्था, कति)

(घ) ______ आजलाई यति मात्र । (लौ, पनि, हरे)

(ङ) राम ______ विद्यालय गयो । (माथि, फटाफट, तिर)

(च) छाना ______ चरो छ । (तिर, सँग, माथि)

(छ) सरला ______ गीता बजार गए । (हरे, तर, र)

(ज) बादल लाग्यो ______ पानी पऱ्यो । (तिर, अनि, सित)

## ४. तलका वाक्यमा प्रयोग भएका निपात चिनेर खाली ठाउँमा लेख्नुहोस् :

(क) तिमी पो सबै थोक खान्छौ त । ______

(ख) खै तिमीसँग के छ हँ । ______

(ग) गोपालले पो खेल जितेछ त । ______

(घ) लौ गुरु पनि आइपुग्नुभयो । ______

(ङ) ए आज त बिदा पो छ । ______

(च) तिमी त घरमै रहेछौ । ______

(छ) तिमी खेल्न जान्छौ कि ? ______

## ५. तलका अव्यय शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

खै : ______ ।

ओहो : ______ ।

तर : ______ ।

फटाफट : ______ ।

राम्ररी : ______ ।

सित : ______ ।

तिर : ______ ।

स्याबास : ______ ।

लौ : ______________________________ ।

किनभने : ______________________________ ।

**६. तलका प्रश्नहरूका उत्तर दिनुहोस् :**

(क) कस्ता शब्दलाई अव्यय शब्द भनिन्छ ?

(ख) अव्यय कति प्रकारका छन् ?

(ग) नामयोगी भनेको के हो ?

(घ) क्रियायोगी भनेको के हो ?

(ङ) संयोजकले के काम गर्छ ?

(च) विस्मयादिबोधक शब्दले कस्तो भाव देखाउँछ ?

(छ) निपात भनेको के हो ?

**७. अव्यय, निपात र संयोजकपद नछुटाई एक अनुच्छेद लेख्नुहोस् :**

**८. विस्ययादिबोधक, नामयोगी र क्रियायोगी पद पर्ने गरी एक अनुच्छेद लेख्नुहोस् :**

______________________________

______________________________

______________________________

**९. तलका वाक्यमा कुन-कुन प्रकारका अव्ययपदको प्रयोग भएको छ ? छुट्याउनुहोस :**

(क) लौन ! मैले त भुसुक्क बिर्सिएछु,

(ख) माथि तलामा को गयो ?


(ग) फटाफट हिँडेर विद्यालय जाऊ,

(घ) तिमीले जाँचमा कति प्रतिशत नम्बर ल्यायौँ ?

एकाइ ६

# लिङ्ग


१. तल दिइएका चित्र हेरेर पढ्नुहोस् :


केटो


केटी


घर


आमा


बुबा


धरहरा


बेहुलो


बेहुली



किताब



भाले


पोथी


सुन

पुरुष अथवा स्त्री जाति बुझाउने शब्दको चिह्नलाई लिङ्ग भनिन्छ ।

## २. लिङ्गका प्रकार




### (क) पुलिङ्ग


भाइ घर गयो ।


गोरु चौरमा चर्छ ।


भाले बिहानै बास्यो ।


गायक गीत गाउँछ ।


दाजुले बल खेल्नुभयो ।


छोरो असल छ ।

भाले जाति बुझाउने शब्दलाई पुलिङ्ग भनिन्छ ।

## (ख) स्त्रीलिङ्ग



बहिनी घर गई ।



गाई चौरमा चर्छ ।



पोथीले फुल पाऱ्यो ।



गायिका गीत गाउँछे ।



भाउजूले फूल दिनुभयो ।



छोरी असल छे ।

पोथी जाति बुझाउने शब्दलाई स्त्रीलिङ्ग भनिन्छ ।

## ३. लिङ्ग परिवर्तन

एउटा लिङ्गबाट अर्को लिङ्गमा परिवर्तन गर्नुलाई लिङ्ग परिवर्तन भनिन्छ । लिङ्ग परिवर्तन गर्ने निम्न तरिकाहरू छन् :

### (क) पुलिङ्ग शब्दका पछाडि 'इ' प्रत्यय थपेर

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| भान्जो | भान्जी |
| केटो | केटी |
| बुढो | बूढी |

| | |
|---|---|
| कुखुरो | कुखुरी |
| कुमार | कुमारी |
| सानो | सानी |
| बाहुन | बाहुनी |
| बच्चो | बच्ची |

### (ख) पुलिङ्ग शब्दका पछाडि 'नी' प्रत्यय थपेर

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| जोगी | जोगिनी |
| नाति | नातिनी |
| छेत्री | छेत्रिनी |
| कार्की | कर्किनी |
| जर्नेल | जर्नेल्नी |
| पण्डित | पण्डित्नी |

### (ग) पुलिङ्ग शब्दका पछाडि इनी/एनी प्रत्यय जोडेर

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| काजी | कजिनी |
| सुब्बा | सुब्बेनी |
| थापा | थपिनी |
| लामा | लमिनी |
| मुखिया | मुखिनी |

### (घ) पुलिङ्ग शब्दमा इका प्रत्यय थपेर

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| गायक | गायिका |
| बालक | बालिका |
| नायक | नायिका |
| शिक्षक | शिक्षिका |
| चालक | चालिका |
| सेवक | सेविका |
| लेखक | लेखिका |


### (ङ) शब्दको अघिल्लो र पछिल्लो रूप परिवर्तन गरेर

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| गुरुबा | गुरुआमा |
| सानाबा | सानिमा |
| हजुरबा | हजुरआमा |
| लोग्ने मान्छे | स्वास्नी मान्छे |
| भाले हाँस | पोथी हाँस |

### (च) शब्दहरू नै परिवर्तन गरेर

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| छोरो | छोरी |
| पुरुष | स्त्री |
| भाले | पोथी |

| | |
|---|---|
| ससुरा | सासू |
| मत्ता | ढोई |
| मामा | माइजू |
| गोरु | गाई |



## अभ्यास

१. **तलका शब्दहरूबाट पुलिङ्ग र स्त्रीलिङ्ग बुझाउने शब्दहरू छुट्याएर लेख्नुहोस् :**

गुरुबा, मामा, ढोई, सासू, लोग्ने, गायक, बालक, चालक, लेखिका, हजुरआमा, बाहुन, लमिनी, देवर, मुखिया, बूढी, केटी, पोथी, गोरु, बाघ, कुमार, कवि, बाजे, पाडो, जोगिनी, छात्रा, श्रीमती, भाले, मृग, शिक्षक, कालो, काले ।

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| | |

२. **तलका पुलिङ्ग शब्दलाई स्त्रीलिङ्गमा बदल्नुहोस् :**

| | | | |
|---|---|---|---|
| सेतो | ______ | बाहुन | ______ |
| दाजु | ______ | मामा | ______ |
| लेखक | ______ | भान्जो | ______ |
| क्षत्री | ______ | छात्र | ______ |

| | | | |
|---|---|---|---|
| जोगी | ____________ | गायक | ____________ |
| मत्ता | ____________ | गोरो | ____________ |
| नाति | ____________ | मगर | ____________ |

३. **तलका स्त्रीलिङ्ग शब्दलाई पुलिङ्गमा बदल्नुहोस् :**

| | | | |
|---|---|---|---|
| श्रीमती | ____________ | बहिनी | ____________ |
| भाउजू | ____________ | स्वास्नी | ____________ |
| पोथी परेवा | ____________ | हजुरआमा | ____________ |
| बालिका | ____________ | चालिका | ____________ |
| शिक्षिका | ____________ | पण्डित्नी | ____________ |
| सानी | ____________ | कुमारी | ____________ |

४. **तल दिइएका वाक्यलाई स्त्रीलिङ्गमा परिवर्तन गर्नुहोस् :**

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| (क) भाइ घरमा बस्छ । | ____________ । |
| (ख) कवि कविता लेख्छ । | ____________ । |
| (ग) गायक गीत गाउँछ । | ____________ । |
| (घ) गोरु घाँस खान्छ । | ____________ । |
| (ङ) बुबा खेतमा काम गर्नुहुन्छ । | ____________ । |
| (च) छोरो खेल्न गयो । | ____________ । |
| (छ) मैले मामालाई बोलाएँ । | ____________ । |

५. **तल दिइएका वाक्यलाई पुलिङ्गमा परिवर्तन गर्नुहोस् :**

(क) आमा खाना पकाउनुहुन्छ । ____________ ।

(ख) बहिनी निकै सुत्छे । ______________ ।

(ग) सानी खेल्न गइन् । ______________ ।

(घ) सानी बजार गइन् । ______________ ।

(ङ) भाउजू पोखरा जानुभयो । ______________ ।

(च) केटी घर गई । ______________ ।

(छ) गाईले घाँस खायो । ______________ ।

(ज) गुरुआमा पढाउनुहुन्छ । ______________ ।

(झ) काकी बजार जानुभयो । ______________ ।

**६. तलका प्रश्नहरूको उत्तर दिनुहोस् :**

(क) लिङ्ग भनेको के हो ?

(ख) पुलिङ्ग भनेको के हो ?

(ग) स्त्रीलिङ्ग भनेको के हो ?

**७. तलको अनुच्छेद पढ्नुहोस् अनि लिङ्ग छुट्याउनुहोस् :**

आजभन्दा धेरै वर्ष पहिले भानुभक्त आचार्य कान्तिपुर आएका बेला बालाजु हेर्न गएछन् । त्यहाँ धेरै रङ्गका फूलहरू थिए । रूखहरू थिए । चराहरू थिए । बालक, बालिकाहरू पनि बालाजु हेर्न गएका थिए । त्यहाँको रमाइलो हेर्न पाउँदा सबै उमेरका मानिस खुसी थिए । बालाजुको जङ्गलमा धेरै जातका चराहरू थिए । पोथीचरा, भाले चराहरू कराइरहेका थिए । उनीहरूको आवाज सुनेर भानभुक्त आचार्यले बालाजी वर्णन शीर्षक कविता लेखे ।

| पुलिङ्ग | स्त्रीलिङ्ग |
| --- | --- |
| | |

एकाइ ७

# वचन

१. तल दिइएका चित्र हेरेर पढ्नुहोस् :



म पाठ पढ्छु ।



हामी पाठ पढ्छौँ ।



रूख ढल्यो ।



रूखहरू ढले ।



उनी गीत गाउँछिन् ।



उनीहरू गीत गाउँछन् ।



तँ क्रिकेट खेल्छस् ।



तिमीहरू क्रिकेट खेल्छौ ।

सङ्ख्या बुझाउने शब्दको चिह्नलाई वचन भनिन्छ ।

## २. वचनका प्रकार

वचन २ प्रकारका छन् :

(क) एकवचन (ख) बहुवचन

| | एकवचन | बहुवचन |
|---|---|---|
| नाम | केटो, घर, चरो | केटाहरू, घरहरू, चराहरू |
| सर्वनाम | म, तँ, ऊ | हामी, तिमीहरू, उनीहरू |
| विशेषण | कालो, रातो, सानो | काला, राता, साना |
| क्रिया | खान्छ, पढ्छ, छ | खान्छन्, पढ्छन्, छन् |

व्यक्ति अथवा वस्तुको एउटा मात्र सङ्ख्या बुझाउने शब्दलाई एकवचन भनिन्छ ।

व्यक्ति अथवा वस्तुको एकभन्दा बढी सङ्ख्या बुझाउने शब्दलाई बहुवचन भनिन्छ ।

## ३. वचन परिवर्तन

एकवचनमा भएको शब्द अथवा वाक्यलाई बहुवचनमा र बहुवचनमा भएको शब्द अथवा वाक्यलाई एकवचनमा परिवर्तन गर्नुलाई वचन परिवर्तन भनिन्छ । वचन परिवर्तन गर्ने तरिकाहरू यस प्रकारका छन् :

### (क) शब्दमा 'हरू' थपेर

| एकवचन | बहुवचन |
|---|---|
| घर | घरहरू |
| तिमी | तिमीहरू |
| पुस्तक | पुस्तकहरू |
| बुबा | बुबाहरू |
| दराज | दराजहरू |

| एकवचन | बहुवचन |
|---|---|
| भाइ | भाइहरू |
| कलम | कलमहरू |
| तपाईँ | तपाईँहरू |
| बहिनी | बहिनीहरू |
| मेच | मेचहरू |

### (ख) शब्दको अन्त्यको 'ऊ' 'ई', 'ओ' लाई 'आ' मा बदलेर

| एकवचन | बहुवचन |
|---|---|
| बाटो | बाटाहरू |
| केटो | केटाहरू |
| मुसो | मुसाहरू |
| कालो | कालाहरू |
| झुप्पो | झुप्पाहरू |

| एकवचन | बहुवचन |
|---|---|
| चरो | चराहरू |
| छानो | छानाहरू |
| बोको | बोकाहरू |
| किरो | किराहरू |
| रातो | राताहरू |

### (ग) शब्दको रूप फेरी 'हरू' थपेर

| एकवचन | बहुवचन |
|---|---|
| म | हामीहरू |
| ऊ | उनीहरू |
| उनी | उनीहरू |

| एकवचन | बहुवचन |
|---|---|
| त्यो | तिनीहरू |
| तँ | तिमीहरू |
| त्यो | तिनीहरू |

## (घ) शब्द दोहोऱ्याएर

| एकवचन | बहुवचन |
|---|---|
| जो | जोजो |
| फूल | फूलैफूल |

| एकवचन | बहुवचन |
|---|---|
| को | को को |
| कुन | कुनकुन |

## (ङ) शब्दको पछाडि गण, वृन्द, वर्ग अथवा जन जोडेर


| एकवचन | बहुवचन |
|---|---|
| देव | देवगण |
| भक्त | भक्तजन |
| विद्यार्थी | विद्यार्थीवर्ग |

| एकवचन | बहुवचन |
|---|---|
| मित्र | मित्रजन |
| महिला | महिलावर्ग |
| सज्जन | सज्जनवृन्द |

## (च) क्रियामा विभिन्न प्रत्यय जोडेर

| एकवचन | बहुवचन |
|---|---|
| छ | छन् |
| खान्छ | खान्छन् |
| भन्छ | भन्छन् |

| एकवचन | बहुवचन |
|---|---|
| जान्छ | जान्छन् |
| सुक्यो | सुके |
| जा | जाओ |



## अभ्यास

१. तलका वाक्यलाई एकवचन र बहुवचन छुट्याएर तालिकामा भर्नुहोस् :

(क) राम पढ्न गयो ।
(ख) ऊ ज्ञानी छ ।
(ग) हामीहरू घर गयौँ ।
(घ) अग्ला केटाहरू आए ।
(ङ) भक्तले दर्शन गऱ्यो ।
(च) आमा जानुभयो ।
(छ) सानो केटो गयो ।
(ज) तिमीहरू बजार गयौ ।
(झ) मैले पुस्तक किनेँ ।
(ञ) मुसाहरू दगुर्छन् ।

(ट) उनीहरू ज्ञानी छन् ।     (ठ) तँ खेल्न जान्छस् ।

| एकवचन | बहुवचन |
|---|---|
| | |

२. तलका एकवचनका वाक्यलाई बहुवचनमा परिवर्तन गर्नुहोस् :

(क) ऊ घुम्न गएको छ । ______________ ।

(ख) आमा जानुभयो । ______________ ।

(ग) तिमी घर गयौ । ______________ ।

(घ) राम काम गर्छ । ______________ ।

(ङ) म फुटबल खेल्छु । ______________ ।

(च) तँ विद्यालय जान्छस् । ______________ ।

(छ) सेतो कपडा सुक्यो । ______________ ।

३. तलका बहुवचनका वाक्यलाई एकवचनमा परिवर्तन गर्नुहोस् :

क) अग्ला केटाहरू गएछन् । ______________ ।

(ख) हामीले कलम किन्यौँ । ______________ ।

(ग) उनीहरू काम गर्छन् । ______________ ।

(घ) तिमीहरू रमाएछौ । ______________ ।

(ङ) दाजुहरू जानुभयो । ______________ ।

(च) गाईहरू चर्दै छन् । ________________ ।

(छ) मेरा भाइहरू असल छन् । ________________ ।

## ४. खाली ठाउँमा मिल्ने शब्द छानेर लेख्नुहोस् :

(क) ________________ पुस्तक पढ्छस् । (तँ, तिमीहरू)

(ख) ________________ केटाहरू आएछन् । (एउटा, धेरै)

(ग) यी ________________ ज्ञानी छन् । (केटो, केटा)

(घ) उनीहरूले फुटबल ________________ । (खेलेछन्, खेल्छ)

(ङ) ________________ शिक्षक बन्यो । (उनीहरू, ऊ)

(च) ________________ विद्यालय गएछन् । (भाइहरू, भाइ)

(छ) ________________ राम्ररी पढेँ । (मैले, हामीले)

## ५. तलका प्रश्नहरूको उत्तर दिनुहोस् :

(क) वचन भनेको के हो ?


(ख) एकवचन भनेको के हो ?

(ग) बहुवचन भनेको के हो ?

एकाइ ८

# पुरुष

## १. तल दिइएका चित्र हेरेर पढ्नुहोस् :



म विद्यार्थी हुँ ।



हामी विद्यार्थी हौँ ।



तँ पाठ पढ्छस् ।



ऊ बजार जान्छ ।



उनी नाच्दै छिन् ।



तपाईँ घरमा हुनुहुन्छ ।

व्यक्तिलाई बुझाउने सर्वनामको रूपलाई पुरुष भनिन्छ ।

## २. पुरुषका प्रकार

पुरुष तीन प्रकारका छन् :

| पुरुष | | |
|---|---|---|
| → | पहिलो पुरुष | वक्ता |
| → | दोस्रो पुरुष | श्रोता |
| → | तेस्रो पुरुष | विषय |

पहिलो पुरुष : पहिलो पुरुषले बोल्ने व्यक्ति अथवा वक्तालाई जनाउँछ । पहिलो पुरुषमा 'म' र 'हामी' पर्दछन् ।


दोस्रो पुरुष : दोस्रो पुरुषले सुन्ने व्यक्ति अथवा श्रोतालाई जनाउँछ । दोस्रो पुरुषमा तँ, तिमी, तपाईँ पर्दछन् ।

तेस्रो पुरुष : तेस्रो पुरुषले वक्ता र श्रोताको कुराकानीको विषयलाई बुझाउँछ । तेस्रो पुरूषमा ऊ, उनी, उनीहरू, उहाँ पर्दछन् ।

## ३. पुरुष परिवर्तन

एउटा पुरुषलाई अर्को पुरुषमा परिवर्तन गर्नुलाई पुरुष परिवर्तन भनिन्छ । पुरुष परिवर्तनका केही उदाहरणहरू यस प्रकारका छन् :

| पहिलो पुरुष | दोस्रो पुरुष | तेस्रो पुरुष |
|---|---|---|
| म भात खान्छु । | तँ भात खान्छस् । | ऊ भात खान्छ । |
| हामी भात खान्छौँ । | तिमीहरू भात खान्छौ । | तिनीहरू भात खान्छन् । |
| म क्रिकेट खेल्छु । | तँ क्रिकेट खेल्छस् । | उनीहरू क्रिकेट खेल्छन् । |
| म पढ्दै छु । | तिमी पढ्दै छौ । | उनी पढ्दै छन् । |



## अभ्यास

### १. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| पहिलो पुरुष | ऊ, उनी, उहाँ |
| दोस्रो पुरुष | म, हामी |
| तेस्रो पुरुष | तँ, तिमी, तपाईँ |

### २. तल दिइएका सर्वनाम कुन-कुन पुरुषमा पर्दछन् :

म, ऊ, हामी, उनी, तँ, उहाँ, तपाईँ, तिनी, तिमीहरू, हामीहरू, यिनी, हजुर ।

| पहिलो पुरुष | दोस्रो पुरुष | तेस्रो पुरुष |
| --- | --- | --- |
| | | |

३. **कोष्ठकबाट मिल्दो पुरुष छानेर खाली ठाउँमा लेख्नुहोस् :**

(क) ________ भात खान्छस् । (तँ, तिमी)

(ख) ________ कविता लेख्छु । (हामी, म)

(ग) ________ कथा भन्छौ । (तिमी, ऊ)

(घ) ________ सहर जान्छन् । (उनीहरू, हामी)

(ङ) ________ पढाउनुहुन्छ । (उनीहरू, तपाईँ)

(च) ________ पढ्न मान्दैन । (उनी, ऊ)

(छ) ________ असल बन । (हामी, तिमी)

(ज) ________ डुल्न जान्छौ । (उनी, हामी)

(झ) ________ उसलाई बोलाए । (मैले, हामीले)

(ञ) ________ खेल्न जान्छस् । (तँ, उनी)

४. **तलका वाक्यमा कुन-कुन पुरुषको प्रयोग भएको छ चिनेर खाली ठाउँमा लेख्नुहोस् :**

(क) ऊ घुम्न गएको छ । ________ ।

(ख) हामी बजार जान्छौँ । ________ ।

(ग) तँ पाठ पढ्छस् । ________ ।

(घ) तिमी घर जान्छौ । ________ ।

(ङ) उनी असल छिन् । ________ ।

(च) मैले खाना खाएँ । ________ ।

(छ) तपाईँ घरमा हुनुहुन्छ । ______________________ ।

(ज) म विद्यालय जान्छु । ______________________ ।

(झ) उनीहरू असल छन् । ______________________ ।

(ञ) उहाँ डाक्टर हुनुहुन्छ । ______________________ ।

## ५. तलका पुरुष र क्रियाका बिचमा जोडा मिलाई लेख्नुहोस् :

| | | | |
|---|---|---|---|
| म<br>हामी<br>तँ<br>तिमी<br>तपाईँ<br>ऊ<br>उनी | विद्यालय | जान्छौ<br>जान्छस्<br>जान्छ<br>जान्छु<br>जान्छिन्<br>जान्छौँ<br>जानुहुन्छ | ______<br>______<br>______<br>______<br>______<br>______ |

## ६. तलका पुरुषबाट एक-एक ओटा वाक्य बनाउनुहोस् :

म : ______________________ ।

हामी : ______________________ ।

तँ : ______________________ ।

तिमी : ______________________ ।

तपाईँ : ______________________ ।

ऊ : ______________________ ।

उनी : ______________________ ।

## ७. तलका प्रश्नहरूको उत्तर दिनुहोस् :

(क) पुरुष भनेको के हो ?

(ख) पुरुष कति प्रकारका छन् ?

एकाइ ९

# काल र पक्ष

१. तल दिइएका चित्र हेरेर पढ्नुहोस् :



हामीले हिमाल हेऱ्यौँ ।



तिमीले खाना खायौ ।



रमा आँप खान्छे ।



ऊ खेल्दै छ ।



राम डाक्टर बन्ने छ ।



किसान खेत खन्दै हुने छ ।



सीता विद्यालय गएकी छे ।




म घर पुग्छु ।




तँ पढ्दै थिइस् ।

काल भनेको समय हो । वाक्यमा कर्ताले गर्ने कामको समयलाई बुझाउन आउने क्रियाको विभिन्न अवस्थालाई काल भनिन्छ ।

## २. कालका प्रकार




### १. भूतकाल र यसका पक्षहरू



ऊ घर गयो ।



मैले पुरस्कार जितेँ ।



ऊ रुँदै थियो ।



तिमी भागेका थियौ ।




म खेल्दै थिएँ ।



बाँदर पर्खालमा बस्यो ।

बितेको समयलाई जनाउने क्रियाको रूपलाई भूतकाल भनिन्छ ।

## १. भूतकालका पक्षहरू




### (क) सामान्य भूतकाल

विद्यार्थीहरू घर गए ।

मैले कथा पढेँ ।

बुबा बजार जानुभयो ।

म क्रिकेट खेल्न गएँ ।

उनी मुसुक्क हाँसिन् ।

तिमी घरबाट भाग्यौ ।

रमाले गीत सुनाइन् ।

उनीहरूले पाठ पढे ।

बितेको समयमा सामान्य रूपमा काम मात्र भएको जनाउने भूतकालको पक्षलाई सामान्य भूतकाल भनिन्छ ।

### (ख) अपूर्ण भूतकाल

म खन्दै थिएँ ।

हामी पढ्दै थियौँ ।

सरिता खाँदै थिइन् ।

हरि घर जाँदै थियो ।

तपाइँ नाच्दै हुनुहुन्थ्यो ।

ऊ सुत्दै थियो ।

राम रुँदै थियो ।

म कविता लेख्दै थिएँ ।

बितेको समयमा कुनै काम भइरहेको बुझाउने भूतकालको पक्षलाई अपूर्ण भूतकाल भनिन्छ ।

### (ग) पूर्ण भूतकाल

मैले खेल जितेको थिएँ ।

ऊ रोएको थियो ।

तिमीले पढेका थियौ ।

तपाईँले खानुभएको थियो ।

हरि सुतेको थियो ।

रमेश घर गएको थियो ।

बुबाले पढाउनुभएको थियो ।

तिमी भागेका थियौ ।

बितेको समयमा कुनै काम पूरा भएको बुझाउने भूतकालको पक्षलाई पूर्ण भूतकाल भनिन्छ ।

### (घ) अज्ञात भूतकाल

ऊ घर गएछ ।

राम पोखरा आएछ ।

भाइ विद्यालय गएछ ।

साथीहरू पढ्न गएछन् ।

मैले गीत गाएछु ।

उनीहरू सुतेछन् ।

बितेको समयमा काम भइसकेको तर त्यसको जानकारी अहिले मात्र भएको बुझाउने भूतकालको पक्षलाई **अज्ञात भूत** भनिन्छ ।

## (ङ) अभ्यस्त भूतकाल

म कविता पढ्थेँ ।

तिमी फुटबल खेल्थ्यौ ।

उनीहरू खुब पढ्थे ।


बहिनी धेरै रुन्थिन् ।

ऊ खोलामा जान्थ्यो ।

रमा घाँस काट्थी ।

सीमा दिउँसो सुत्थी ।

बितेको समयमा कुनै पनि काम बानीको रूपमा रहेको बुझाउने भूतकालको पक्षलाई **अभ्यस्त भूतकाल** भनिन्छ ।



## अभ्यास

१. **तल दिइएका क्रियालाई तालिकामा भर्नुहोस् :**

खान्थ्यो, खाएछ, पढ्थ्यो, पढ्यो, पढेछ, किनेछ, खायो, रुन्थी, दौडियो, थियो, दियौ, गर्थे, किनेछ, गएछ, खेल्थे, जानुभएछ, खाएँ, गयो, थिइन्, पढ्थ्यो, पढाउनुभयो, थिइस्, बस्यो, थिए, खाएछ, पढिछ, खेलेछ ।

| सामान्य भूत | अपूर्ण भूत | पूर्ण भूत | अज्ञात भूत | अभ्यस्त भूत |
|---|---|---|---|---|
| | | | | |

२. उदाहरणमा दिएजस्तै गरी तलका धातुबाट भूतकालका विभिन्न पक्षका क्रिया बनाउनुहोस् :

| धातु | सामान्य भूत | अपूर्ण भूत | पूर्ण भूत | अज्ञात भूत | अभ्यस्त भूत |
|---|---|---|---|---|---|
| लेख् | लेख्छ | लेख्दै छ | लेखेको छ | लेखेछ | लेख्थ्यो |
| पढ् | | | | | |
| खा | | | | | |
| हेर् | | | | | |
| नाच् | | | | | |
| सुन् | | | | | |
| हेर् | | | | | |

३. तल दिइएका वाक्यहरू कुन-कुन पक्षका हुन् ? छुट्याएर लेख्नुहोस् :

क) मैले पाठ पढेछु । ______________ ।

ख) राम खाँदै थियो । ______________ ।

ग) सीता गएकी थिई । ______________ ।

घ) हामी सधैँ खेल्थ्यौँ । ______________ ।

ङ) गोपाल हल्ला गर्थ्यो । ______________ ।

च) हरि पोखरा गएछ । ______________ ।

छ) श्याम प्रथम भयो । ______________ ।

४. कोष्ठकबाट दिइएको सङ्केतका आधारमा क्रिया भर्नुहोस् :

(क) राम कथा ______________ । (पढ् : सामान्य भूत)

(ख) म बजार ______________ । (जाः पूर्ण भूत)

(ग) ऊ सधैँ गृहकार्य ______________ । (गरः अभ्यस्त भूत)

(घ) मैले भाइलाई ______________ । (खेल्: अपूर्ण भूत)

(ङ) हरिले कथा ______________ । (लेख्: अज्ञात भूत)

५. तलका क्रियापदबाट एक-एक ओटा वाक्य बनाउनुहोस् :

गएछ : ______________ ।

भन्थ्यो : ______________ ।

खायो : ______________ ।

सुन्थी : ______________ ।

नाचिछ : ______________ ।

खेल्थ्यो : ______________ ।

जाँदै थियो : ______________ ।

पढेको थियो : ______________ ।

## २. वर्तमान काल र यसका पक्षहरू



म क्रिकेट खेल्छु ।



भाइ भात खाँदै छ ।



ऊ विद्यालय गएको छ ।



सीता बजार जान्छे ।



उनीहरू पढ्दै छन् ।



बुबाले पढाउनुभएको छ ।

सीता बुजार जान्छे ।

बुबाले पढा(

उनभएको छ ।

अहिलेको समय बुझाउने क्रियाको रूपलाई वर्तमान काल भनिन्छ ।

## २.१ वर्तमान कालका पक्षहरू

### (क) सामान्य वर्तमान काल

म खाना खान्छु ।

हामी गीत गाउँछौ ।

ऊ बजार जान्छ ।

तिमी खेल्न जान्छौ ।

म बाटोमा हिँड्छु ।

गीता घाँस काट्छिन् ।

दावा खेत खन्छ ।

अहिलेको समयमा कुनै पनि काम सामान्य अवस्थामा हुन्छ भन्ने बुझाउने वर्तमान कालको पक्षलाई सामान्य वर्तमान काल भनिन्छ ।

### (ख) अपूर्ण वर्तमान काल

### (ख) अपूर्ण वर्तमान काल

म पाठ पढ्दै छु ।

हामी क्रिकेट खेल्दै छौँ ।

तँ खाना खाँदै छस् ।

सरिता गीत गाउँदै छिन् ।

तपाईँ सुत्दै हुनुहुन्छ ।

अहिलेको समयमा कुनै पनि काम लगातार भइरहेको जनाउने वर्तमान कालको पक्षलाई अपूर्ण वर्तमान काल भनिन्छ ।

### ग) पूर्ण वर्तमान काल

उसले पाठ पढेको छ ।

मैले खाना खाएको छु ।

हामीले फुटबल खेलेका छौँ ।


उनीहरू विद्यालय गएका छन् ।

ऊ सुतेको छ ।

तपाईँ सुत्नुभएको छ ।

गुरुले पढाउनुभएको छ ।

अहिलेको समयमा कुनै पनि काम पूरा भएको तर त्यसको असर भने बाँकी रहेको अवस्थालाई जनाउने वर्तमान कालको पक्षलाई पूर्ण वर्तमान काल भनिन्छ ।



## अभ्यास

**१. जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| सामान्य वर्तमान | राम पोखरा गएको छ । |
| अपूर्ण वर्तमान | म विद्यालय जान्छु । |
| पूर्ण वर्तमान | भाइ खेल्न जाँदै छ । |

**२. तल दिइएका क्रियालाई तालिकामा भर्नुहोस् :**

जान्छौ, खाँदै छ, रोप्छन्, बोलेको छ, जानुहुन्छ, किन्छन्, छु, पढेका छौ, छिन्, हुनुहुन्छ, भएको छ, खेल्दै छौ, गएका छन्, लेख्नुभएको छ, नाच्दै छ,

पढाउँछ, सुत्दै छ, किनेको छ, पुगेका छौँ ।

| सामान्य वर्तमान | अपूर्ण वर्तमान | पूर्ण वर्तमान |
|---|---|---|
| | | |

३. **उदाहरणमा दिएजस्तै गरी तलका धातुबाट वर्तमान कालका विभिन्न पक्षका क्रिया बनाउनुहोस् :**

| **धातु** | **सामान्य वर्तमान** | **अपूर्ण वर्तमान** | **पूर्ण वर्तमान** |
|---|---|---|---|
| **खा** | **खान्छ** | **खाँदै छ** | **खाएको छ** |
| **जा** | | | |
| **पढ्** | | | |
| **लेख्** | | | |
| **भन्** | | | |
| **सुत्** | | | |
| **नाच्** | | | |
| **खेल्** | | | |

४. **तल दिइएका वाक्यहरू कुन-कुन पक्षका हुन्, छुट्याएर लेख्नुहोस् :**

(क) सीता पाठ पढ्छे । ______________ ।

(ख) ऊ सुतेको छ । ______________ ।

(ग) तँ खाँदै छस् । ______________ ।

(घ) ऊ कलम खोज्दै छ । ______________ ।

(ङ) उसले सिनेमा हेरेको छ । ______________ ।

(च) राम खाटमा बस्छ । ______________ ।

(छ) हामी पोखरा गएका छौ । ______________________________ ।

(ज) सपनाले फूल टिपिन् । ______________________________ ।

**५. कोष्ठकमा दिइएको सङ्केतका आधारमा क्रिया भर्नुहोस् :**

(क) म घर ______________________ । (जा: अपूर्ण वर्तमान)

(ख) हरिले गृहकार्य ______________________ । (गर्: सामान्य वर्तमान)

(ग) मामा घर ______________________ । (आऊ: पूर्ण वर्तमान)

(घ) भाइ फुटबल ______________________ । (खेल्: सामान्य वर्तमान)

(ङ) सीता घाँस ______________________ । (काट्: अपूर्ण वर्तमान)

**६. तलका क्रियाबाट एक-एक ओटा वाक्य बनाउनुहोस् :**

छिन् : ______________________________ ।

पढ्दै छ : ______________________________ ।

गएको छ : ______________________________ ।

जाँदै छ : ______________________________ ।

हेरेको छ : ______________________________ ।

जान्छिन् : ______________________________ ।

टिप्छिन् : ______________________________ ।

खेलेको छ : ______________________________ ।

## ३. भविष्यत् काल र यसका पक्षहरू



म डाक्टर बन्ने छु ।



तिमी खेल्दै हुने छौ ।



म पढ्दै हुने छु ।



दिदी सुत्दै हुने छे ।



आमाले खाना पकाउनु भएको हुने छ ।



उनीहरू बजार गएका हुने छन् ।

पछि आउने समयलाई बुझाउने क्रियाको रूपलाई **भविष्यत् काल** भनिन्छ ।

### ३.१. भविष्यत् कालका पक्षहरू

#### (क) सामान्य भविष्यत् काल

ऊ घर जाने छ ।

राम पोखरा आउने छ ।

भाइ विद्यालय जाने छ ।

साथीहरू पढ्न जाने छन् ।

मैले गीत गाउने छु ।

उनीहरू सुत्ने छन् ।

पछि आउने समयलाई बुझाउने क्रियाको रूपलाई सामान्य भविष्यत् काल भनिन्छ।

## (ख) अपूर्ण भविष्यत् काल

राम कथा पढ्दै हुने छ।

म सुत्दै हुने छु।

तपाईं पढाउँदै हुनुहुने छ।

सीता नाच्दै हुने छिन्।

तँ गृहकार्य गर्दै हुने छस्।

ऊ दुध पिउँदै हुने छ।

हामीहरू खेल्दै हुने छौँ।

पछि आउने समयमा कुनै काम लगातार भइरहेको तर पूरा नभएको जानकारी दिने भविष्यत् कालको पक्षलाई अपूर्ण भविष्यत् काल भनिन्छ।

## (ग) पूर्ण भविष्यत् काल

मैले खाएको हुने छु।

तिमी रमाएका हुने छौ।

हामीले पढेका हुने छौँ।


गुरुले पढाउनुभएको हुने छ।

ऊ सुतेको हुने छ।

भाइहरू खेलेका हुने छन्।

उनीहरूले खेल जितेका हुने छन्।

पछि आउने समयमा कुनै काम पूरा भएको बुझाउने भविष्यत् कालको पक्षलाई पूर्ण भविष्यत् काल भनिन्छ।



## अभ्यास

१. **जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| सामान्य भविष्यत् | मैले कथा लेखेको हुने छु । |
| अपूर्ण भविष्यत् | उसले खाना खाने छ । |
| पूर्ण भविष्यत् | उनीहरूले फुटबल खेल्दै हुने छन् । |

२. **तल दिइएका क्रियालाई तालिकामा भर्नुहोस् :**

जानेछु, खेलेको हुने छस्, लेख्दै हुने छु, सुन्ने छ, खाँदै हुने छन्, गएको हुने छ, खेल्दै हुने छन्, जानुभएको हुने छ, बोल्दै हुने छ ।

| सामान्य भविष्यत् | अपूर्ण भविष्यत् | पूर्ण भविष्यत् |
|---|---|---|
| | | |

३. **उदाहरणमा दिएजस्तै गरी तलका धातुबाट भविष्यत् कालका विभिन्न पक्षका क्रिया बनाउनुहोस् :**

| धातु | सामान्य भविष्यत् | अपूर्ण भविष्यत् | पूर्ण भविष्यत् |
|---|---|---|---|
| पढ् | पढ्ने छु | पढ्दै हुने छु | पढेको हुने छु |
| खा | | | |
| हाँस् | | | |
| लेख् | | | |
| सुत् | | | |
| भन् | | | |
| लेख् | | | |

४. तल दिइएका वाक्यहरू कुन-कुन पक्षका हुन् ? छुट्याएर लेख्नुहोस् :

(क) हामीले पढेका हुने छौँ । ______________________ ।

(ख) उनीहरू बजार जाने छन् । ______________________ ।

(ग) म विद्यालय जाने छु । ______________________ ।

(घ) भाइ खेल्न जाँदै हुने छ । ______________________ ।

(ङ) रमेश घर फर्कने छ । ______________________ ।

(च) साने डुल्दै हुने छ । ______________________ ।

(छ) तिमीले कथा भनेका हुने छौ । ______________________ ।

५. कोष्ठकमा दिइएको सङ्केतका आधारमा क्रिया भर्नुहोस् :

(क) केटाकेटीहरू ______________________ । (रुः पूर्ण भविष्यत्)

(ख) चालक मोटर ______________________ । (गुडाउः अपूर्ण भविष्यत्)

(ग) पर्यटकहरू यहाँ ______________________ । (आऊः सामान्य भविष्यत्)

(घ) मैले पाठ ______________________ । (पढ् : अपूर्ण भविष्यत्)

(ङ) उनीहरू क्रिकेट ______________________ । (खेल्ः सामान्य भविष्यत्)

६. तलका क्रियाबाट एक-एक ओटा वाक्य बनाउनुहोस् :

हुने छन् : ______________________ ।

खाएको हुने छ : ______________________ ।

गएका हुने छन् : ______________________ ।

जाने छन् : ______________________ ।

सुत्दै हुने छ : ______________________ ।

आउने छिन् : ______________________ ।

एकाइ १०

# आदरार्थी

## १. तल दिइएका चित्र हेरेर पढ्नुहोस् :



तँ क्रिकेट खेल्छस् ।



तिमी पाठ पढ्छौ ।



तपाईं खाना खानुहुन्छ ।



ऊ विद्यालय जान्छ ।




उनी गीत गाउँछिन् ।



उहाँ पढाउनुहुन्छ ।

व्यक्तिको सामाजिक इज्जत र प्रतिष्ठाअनुसार आदर अथवा सम्मान प्रकट गर्ने पद अथवा वाक्यलाई आदरार्थी भनिन्छ । आदरार्थी सर्वनाम र क्रियाबाट व्यक्त हुन्छ ।

## २. आदरार्थीका प्रकार



### (क) सामान्य आदरार्थी



तँ पढ्न जान्छस् ।



ऊ खेल्न गयो ।




बहिनी रुन्छे ।

आफूभन्दा सानो अथवा कसैलाई हेयको व्यवहार गर्दा सामान्य आदरार्थीको प्रयोग गरिन्छ । सामान्य आदरार्थीमा तँ र ऊ सर्वनामको प्रयोग गरिन्छ ।

### (ख) मध्यम आदरार्थी



तिमी बजार जान्छौ ।



उनी पाठ पढ्छिन् ।



तिनले फूल टिपिन् ।

आफू समान अथवा आफूभन्दा साना भए पनि स्नेह, आदर र सद्भाव बुझाउन मध्यम आदरार्थीको प्रयोग गरिन्छ । मध्यम आदरार्थीमा तिमी, उनी, यिनी सर्वनामको प्रयोग गरिन्छ ।

## अभ्यास

१. **जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| सामान्य आदरार्थी | तपाईं, उहाँ |
| मध्यम आदरार्थी | हजुर, मौसुफ |
| उच्च आदरार्थी | तँ, ऊ, त्यो |
| अति उच्च आदरार्थी | तिमी, उनी, यिनी |

२. **तल दिइएका वाक्यहरू कुन-कुन आदर क्रममा छन् ? लेख्नुहोस् :**

(क) दाजु घरमै हुनुहुन्छ । ______________________ ।

(ख) केटा असल छन् । ______________________ ।

(ग) तिमी धेरै पढ्छौ । ______________________ ।

(घ) त्यो सहर गयो । ______________________ ।

(ङ) हजुर कहिले गइबक्सिन्छ । ______________________ ।

(च) तँ खेल्न जान्छस् । ______________________ ।

(छ) तपाईं बजार जानुहुन्छ । ______________________ ।

(ज) तिनले गीत गाइन् । ______________________ ।

३. **तल दिइएका वाक्यलाई मध्यम आदरार्थीमा परिवर्तन गर्नुहोस् :**

(क) तँ पाठ पढ्दैनस् । ______________________ ।

(ख) तपाईं खाना खानुहुन्छ । ______________________ ।

(ग) केटो आउँदै छ । ______________________ ।

(घ) ऊ गीत गाउँछ । ______________________ ।

(ङ) त्यो सहर गयो । ______________________ ।

## ४. तल दिइएका वाक्यलाई उच्च आदरार्थीमा परिवर्तन गर्नुहोस् :

(क) तिमी धेरै पढ्छौ । ______________________ ।

(ख) केटा ज्ञानी छन् । ______________________ ।

(ग) भाइ रुन्छ । ______________________ ।

(घ) तिनी घर आएछन् । ______________________ ।

(ङ) उनले पाठ पढिन् । ______________________ ।

## ५. तल दिइएका आदरार्थी शब्दहरूलाई तालिकामा भर्नुहोस् :

तँ, तिमी, ऊ, तपाईँ, उहाँ, यिनी, गर्छ, खान्छन्, बक्सियो, आइसियो, लेख्छिन् ।

| सामान्य आदरार्थी | मध्यम आदरार्थी | उच्च आदरार्थी | अतिउच्च आदरार्थी |
|---|---|---|---|
| | | | |

एकाइ ११

# वाक्य

## १. तल दिइएका चित्र हेरेर पढ्नुहोस् :



बहिनी रुन्छे ।



म गृहकार्य गर्छु ।



जब पानी पर्छ तब जाडो हुन्छ ।



तिमी गाउँछौ भने म नाच्छु ।

अर्थ स्पष्ट हुने गरी प्रयोग गरिएका शब्दहरूको समूहलाई वाक्य भनिन्छ । वाक्य बन्न कर्ता र क्रिया अनिवार्य रूपमा आएको हुनुपर्छ ।

## २. वाक्यका प्रकार

वाक्य
- सरल वाक्य
- संयुक्त वाक्य
- मिश्र वाक्य

## (क) सरल वाक्य



हरि खेल्न गयो ।



सरिता पूजा गर्छे ।



भाइ सुत्छ ।

एउटा मात्र कर्ता र क्रियापद भएको वाक्यलाई सरल वाक्य भनिन्छ । सरल वाक्यमा संयोजकको प्रयोग हुँदैन ।

## (ख) संयुक्त वाक्य



रातभरि पढ्छु तर सफल हुन्न ।



म बजार जान्छु र फुटबल किन्छु ।



भाइ ज्ञानी छ । त्यसैले ऊ सबैको प्यारो छ ।

दुई अथवा दुईभन्दा बढी स्वतन्त्र उपवाक्यहरूलाई र, कि, तर, त्यसैले, अनि जस्ता संयोजकले जोडिएका वाक्यलाई संयुक्त वाक्य भनिन्छ ।

## (ग) मिश्र वाक्य



जो परिश्रमी छ त्यो सफल हुन्छ ।




जसरी तिमी आयौ त्यसरी जाऊ ।



जब घाम लाग्छ तब गर्मी हुन्छ ।

एउटा मुख्य उपवाक्य र एकभन्दा बढी अधीन उपवाक्यलाई जब, जुन, जो, जसरी, भने, जस्ता संयोजकले जोडिएको वाक्यलाई मिश्र वाक्य भनिन्छ ।



## अभ्यास

१. **जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| सरल वाक्य | जो पढ्छ उही जान्ने हुन्छ । |
| संयुक्त वाक्य | म खेल्न जान्छु । |
| मिश्र वाक्य | राम गरिब छ तापनि स्वाभिमानी छ । |

२. **तल दिइएका वाक्यहरू कुन-कुन प्रकारका वाक्यहरू हुन् ? खाली ठाउँमा लेख्नुहोस् :**

(क) कोपिला ज्ञानी छिन् । ____________________ ।

(ख) तिमी जान्छौ भने म पनि जान्छु । ____________________ ।

(ग) तिमी चिया कि दुध के पिउँछौ । ____________________ ।

(घ) हरि पढ्छ अनि खेल्न जान्छ । ____________________ ।

(ङ) भाइ पढेर घर आउँछ । ____________________ ।

(च) हरि जान्छ तर श्याम जाँदैन । ____________________ ।

(छ) जहाँ काफल पाक्छ त्यहाँ चरी नाच्छ । ____________________ ।

(ज) म घरमै बस्छु । ____________________ ।

३. **तलका प्रश्नहरूको उत्तर दिनुहोस् :**

(क) वाक्य भनेको के हो ?

(ख) वाक्य कति प्रकारका छन् ?

(ग) सरल वाक्य भनेको के हो ?

(घ) संयुक्त वाक्य भनेको के हो ?

(ङ) मिश्र वाक्य भनेको के हो ?

एकाइ १२

# वर्णविन्यास

## १. तल दिइएका चित्र हेरेर पढ्नुहोस् :

आकार ( ा ) : तामा, जामा, मामा, चाचा, लामा, बाला, रारा

इकार ( ि ) : इनार, पिङ, टिन, गिलास, किसान, नाति, किरण

ईकार ( ी ) : ईश्वर, परीक्षा, प्राचीन, शरीर, तृतीय, केन्द्रीय, नवीन

उकार ( ु ) : कछुवा, अदुवा, माकुरो, खुकुरी, गजुर, गरुड, ढुकुर

ऊकार ( ू ) : सपूत, गरूँ, समूह, त्रिशूली, फूल, ऊन, पूर्ण, पूजनीय

ऋकार ( ृ ) : ऋण, कृपा, सृजना, गृह, सृष्टि, ऋण, वृष्टि, वृक्ष

एकार ( े ) : रमेश, देवर, बेच, पेसा, सेते, केरा, खेल,

ऐकार ( ै ) : ऐना, मैया, शैली, मैना, छैन, कैलास,

ओकार ( ो ) : सानो, आफ्नो, सेतो, सिक्यो, ओदान, बाङ्गो, बलियो

औकार ( ौ ) : कौसी, लौका, चौका, औँसी, औषधी, भैँसी

**व्यञ्जन वर्णसँग जोडिने स्वर वर्णका विभिन्न रूपलाई मात्रा भनिन्छ।**

मात्रा ह्रस्व र दीर्घ गरी २ प्रकारका छन् :

ह्रस्व मात्रा : इ, उ, ि, ु

दीर्घ मात्रा : ई, ी, ऊ, ू

## ह्रस्व हुने शब्दहरू

| पदवर्ग | शब्दको सुरुमा | शब्दको बिचमा | शब्दको अन्त्यमा |
|---|---|---|---|
| नाम | इनार, भिनाजु, चित्र, पिता, किरा, शिशिर, दिदी, सिरक, शिर, विद्या, चिउरा, हिँसा, सिसा, मुजुर, पुल, चुरा, उखु, बुबा । | सुधिर, पारिजात, हाजिर, मानिस, गरिबी, तरिका, कालिका, नायिका, प्रविण, वकिल, साहित्य, प्रतिज्ञा, सरिता, रमिला, कमिला, लेखिका, लसुन, चिउरा, अदुवा, माहुरी । | पनाति, नाति, गति, कृति, प्रीति, पनि, स्याउ, आलु, दाजु, बाबु, गुरु, साहु, बराजु । |
| सर्वनाम | तिमी, यिनी, तिनी, यिनले, तिनले, यिनलाई, तिनलाई, तिमीलाई, उनी, उसको, उहाँ, उनको । | हजुर । | |
| विशेषण | त्रिसठ्ठी सिकारु, विशाल, नुनिलो । | उन्नाइस, हरियो, अमिलो, गुलियो, पोसिलो, रसिलो, हँसिलो, तेइस, कलिलो । | उति, यति, त्यति, जति, कति । |

| | | | |
|---|---|---|---|
| अव्यय | हिजो, तिर, भित्र, निर, जुन, सित, किन, किनभने, निम्ति, उता, उहिले । | अघिल्तिर, बाहिर, तलतिर, नजिक, परतिर, मास्तिर, वारिपारि, पछिल्तिर । | पारि, वारि, माथि, मुनि, पनि, पछाडि, अगाडि, लागि, निम्ति, चाहिँ । |
| क्रिया | हिँड्छ, सिक्यो, किन्छ, तिर्छ, बिक्छ, बिर्सन्छ, पिर्छ, पिउँछ । | खाइन्छ, लेखिन्छ, बसिन्छ, पढियो, पढिन्, भन्छिन्, जान्छिन्, लेख्छिन् । | |

## दीर्घ हुने शब्दहरू

| पदवर्ग | शब्दको सुरुमा | शब्दको बिचमा | शब्दको अन्त्यमा |
|---|---|---|---|
| नाम | गीत, गीष्म, तीर्थ, सीता, पूजा, ऊर्जा, सूर्य, भूमि, मुर्ख । | प्रतीक, प्रतीक्षा, समीक्षा, परीक्षा, शरीर, मयूर, त्रिशूल, आयूष । | गाई, छोरी, चेली, पराजुली, कर्णाली, वाग्मती, छेत्री, बहिनी, दिदी, पार्वती, जानकी, माइजू, फुपू । |
| विशेषण | शीतल, दीर्घ, पीडित, पीडा, स्थूल, सूक्ष्म । | द्वितीय, तृतीय, प्राचीन, नवीन, केन्द्रीय, अपूर्ण । | काली, सानी, मोटी, दुब्ली, असी, ज्ञानी, गुणी, दानी, पातली, लाटी, रसिली, हँसिली । |

| | | | |
|---|---|---|---|
| सर्वनाम | | | तिमी, उनी, तिनी, तपाईँ, ती, यी, हामी, ऊ, आफू । |
| अव्यय | | | यसरी, उसरी, त्यसरी, फटाफटी, कसरी, राम्ररी, खुल्दुली । |
| क्रिया | | | पढी, लेखी, खेली, गाई, हाँसी, नाची, पाई, गई, डुली, जाऊ, खाऊ । |

## ब र व वर्ण

| ब वर्ण | व वर्ण |
|---|---|
| बच्चा, बगाल, बकुल्लो, बिस्तारै, बेर, ब्यारे, बाँच, बेच, बतास, बिरालो, बोको, तलब, बखान, बथान, बदमास्, बहिनी, बयर, बाठो, बुढो, बजार, बिलौना, बन्दुक, बैँस, बहिरो, बिभ्क्षायो, तब, बरू, बिजुली, बलियो, जब, बौलाहा, जब, बेर, बाँदर, बिटुलो, बग्छ, बस्छु, बेल, बारुद, बालुवा आदि । | कुवा, वारिपारि, तावा, देवर, वकालत, आवाज, वस्ताद, फेवा, वारि, संवाद, ईश्वर, कर्तव्य, विदेश, विकल्प, विद्या, वैदिक, अवतार, खेतीवाल, मानव, नेतृत्व, पाण्डव, विकट, विद्या, विकल्प, वैदिक, विदेश, वार्ता, वार्षिक, वजन, वृक्ष, पुवा, वास्तव आदि । |

## ए र य वर्ण

| ए | य |
|---|---|
| एघार, खाए, खाएको, पाएको, गए, खाएस्, पाएर, रुवाएर, छोएर, एकतीस, ऐना, एकानब्बे, एक्काइस, ऐस, ऐठन आदि । | यही, यो, यहाँ, यति, त्यति, यिनी, यज्ञ, योगी, युगल, यात्रा, दोयम, यन्त्र, यसरी, योमरी, म्याद, ज्यामी आदि । |

## श/ष र स वर्ण

| श वर्ण | ष वर्ण | स वर्ण |
|---|---|---|
| शिशु, शुभ, शरीर, श्रेष्ठ, आशा, शिक्षा, शीर्षक, शासन, शिष्य, शेष, निश्चल, निश्चय, विश्लेषण, श्लेष, क्रमशः, अक्षरशः, शक्ति, शुभ, शिखर, पश्चिम आदि । | भेष, दृष्टि, अष्ट, कष्ट, विष्णु, आषाढ, कृषि, भूषण, ऋषि, निमेष, औषधी, उत्कर्ष, सङ्घर्ष, प्रेषक, भाषा, भाषण, वृष, गोष्ठी, बहिष्कार, निमेष आदि । | सक्छ, सानो, सेतो, सबै, सात, सत्तरी, पर्सि, सित, सँग, एक्कासि, सुत्, सुन्, सिक्यो, सुन्छु, कोसिस, पसल, संयोग, सुशील, आस्था, उस, त्यस, सफल, सत्कार्य, साउन, असोज, विकास, संसद्, कुसुम, उत्सुक, नास्तिक आँसु आदि । |

## क्ष/छे र छ्य वर्ण

| क्ष | छे | छ्य |
|---|---|---|
| क्षमा, अक्षर, क्षत्री, क्षति, मोक्ष, क्षण, लक्ष्य, क्षेत्र, प्रक्षेपण, उपलक्ष्य, वक्षस्थल, अक्षता आदि । | छेद, छेक्नु, छेड्नु, छेवर, छेपारो, छेड, छेको आदि । | छ्याप्यो, छ्यालब्याल, छ्याके, छ्यार्र, छ्यासमिस, छ्याप आदि । |

## शिरबिन्दु ( ं ) र चन्द्रबिन्दु ( ँ )

| शिरबिन्दु ( ं ) | चन्द्रबिन्दु ( ँ ) |
|---|---|
| संयोग, संसार, संसद्, संरचना, संरक्षण, संयम, संयुक्त, संवत्, वंश, हंश, संहार, संस्कृति, संसद्, कंश आदि । | आँप, उँभो, छाउँछ, पठाउँछ, ल्याउँछ, सँग, अँध्यारो, गाउँछ, खाएँ, गाउँले, ठाउँ, पाऊँ, हिँड्छ, पिठ्युँ, आएँ, काठमाडौँ, काँठ, हुँदा, गरिँदै, नवौँ आदि । |

## पदयोग र पदवियोग

पदयोग : पदयोग भनेको शब्दहरू एउटै डिकोमा जोडेर लेख्नु हो ।

### पदयोग हुने केही नियमहरू

१. विभक्ति चिह्न पदयोग हुन्छ ।

हरिले, रामलाई, उनको, कलमद्वारा, बसबाट, घरमा

२. नामयोगी शब्द जोडेर लेख्नुपर्छ ।

घरअगाडि, हरिसँग, विद्यालयभित्र, अगाडिपट्टि, भनेअनुसार, जीवनपर्यन्त, रूखतिर, मबाहेक, घरभन्दा

३. अकरण बनाउँदा प्रयोग गरिने 'न' जोडेर लेख्नुपर्छ ।

नभन, नहोला, नजाला, नसोध, नखाऊ, नबस, नउठ, नलेख

४. नाम र थरका बिचको नाम जोडेर लेखिन्छ ।

रामप्रसाद, हरिबहादुर, श्यामकुमार, राधादेवी, सुरेशराज

५. संयुक्त क्रियापदहरू पदयोग हुन्छ ।

हेर्नुपरेको छ, आउनुहोस्, गइहाल, जानुपर्छ, हिँड्नुपरेको छ, जानुहोस्, खानुहोस्

६. 'हरू' लाग्ने शब्दहरू जोड्नुपर्छ ।

उनीहरू, तिमीहरू केटाहरू, साथीहरू, रूखहरू आदि ।

पदवियोग : शब्दहरूलाई अलग–अलग डिकोमा लेख्नुलाई पदवियोग भनिन्छ ।

**पदवियोग सम्बन्धी नियमहरू**

१. विभक्तिपछाडि आउने नामयोगी पदवियोग हुन्छ ।

मेरो अगाडि, उनका अनुसार, त्योभन्दा बाहेक, उनले झैँ, घरको पछाडि ।

२. संयोजकलाई पदवियोग गर्नुपर्छ ।

हरि र गोपाल गए । तिमी पढ्छौ कि खेल्छौ ?

३. निपातलाई पदवियोग गर्नुपर्छ ।

उसले त खाजा खाएन ।

४. पूर्ण र अपूर्ण पक्षको क्रियापद पदवियोग हुन्छ ।

खाएको थियो, जाँदै छ, भन्दै छ, सुनेका थिए, खेल्दै छन् ।

५. विशेषण र नाम शब्दमा पदवियोग गर्नुपर्छ ।


राम्रो व्यवहार, रातो फूल, शुभ दिन, नम्र बोली, मिहिनेती विद्यार्थी ।

६. विकल्प जनाउने शब्द पदवियोग गर्नुपर्छ ।

न घाम न पानी, हरि अथवा गोपाल, सीता कि रमा ।

७. सहायक क्रिया पदवियोग गर्नुपर्छ ।

खानु छ, लेख्ने छ, बोल्न सक्छ, खायो होला, भने हुन्छ ।



## अभ्यास

१. **तल दिइएका अशुद्ध शब्दलाई शुद्ध गरी लेख्नुहोस् :**

राजकुमार, तीमि, रिषि, जुन, उनि, छीमेकी, दीदि, हामि, पनाती, यती, बाहीर, मेची, पातलि, कसरि, पढि, प्राचिन, प्रतिक, घरेलू, चीउरा, गुलीयो, चूरा, फटाफटि, कालि, उसरि, पनाती, बूबा, नजीक, बहीनि, मेचि, पढीन्छ, सीकारु, अगाडी, मुनी, अघी ।

२. **तल दिइएका शब्दहरूमध्ये शुद्ध शब्द सार्नुहोस् :**

विध्यालय, बीद्यालय, विद्यालय, बिद्यालय ______________

सजाय, सज्जाय, सजाएँ, सजाँय ______

कच्छ्र्या, कच्छा, कच्छिया, कक्षा ______

गरिब, गरीव, गरिव, गरीब ______

बहिनी, बहीनि, बहिनि, बहीनी ______

बीद्वान, विद्वान, विध्वान, विद्वान् ______

सिसिर, शिशिर, शिषिर, शीशीर ______

सम्पूर्ण, सर्म्पून, सम्पूर्ण, सम्पुर्न ______

३. सुरुमा ह्रस्व अक्षर हुने ६ ओटा शब्द लेख्नुहोस् :

______ ______ ______

______ ______ ______

४. अन्त्यमा ह्रस्व अक्षर हुने ६ ओटा शब्द लेख्नुहोस् :

______ ______ ______

______ ______ ______

५. सुरुमा दीर्घ अक्षर हुने ६ ओटा शब्द लेख्नुहोस् :

______ ______ ______

______ ______ ______

६. अन्त्यमा दीर्घ अक्षर हुने ६ ओटा शब्द लेख्नुहोस् :

______ ______ ______

______ ______ ______

७. 'ब' र 'व' प्रयोग भएका ६/६ ओटा शब्द लेख्नुहोस् :

______ ______ ______

______ ______ ______

______ ______ ______

______ ______ ______

८. चन्द्रबिन्दु र शिरबिन्दु लागेका ६/६ ओटा शब्द लेख्नुहोस् :

______ ______ ______

______ ______ ______

______ ______ ______

______ ______ ______

९. तल दिइएका वाक्यहरूलाई शुद्ध बनाएर लेख्नुहोस् :

(क) हेर बाबु ! यि चराचुरुङ्गी र जनाबरहरू पनी हामि जस्तै हुन् ।

______ ।

(ख) अर्काले घोडा चढ्यो भनेर आफूले धूरी चढ्न हुन्छ ?

______ ।

(ग) हामि मानीसहरू चेतनशिल र बुद्धीमान भनेर चीनीन्छौँ ।

______ ।

(घ) अहीले मेरो ठाउँ स्वच्छ, सफा र हरीयो छइन ।

______ ।

(ङ) सानैदेखी बचत गर्ने बानि बसाल्नूपर्छ ।

______ ।

१०. तलका चन्द्रविन्दु र शिरविन्दु लागेका शब्दहरूलाई वाक्यमा प्रयोग गर्नुहोस् :

संवाद : ______ ।

आँप : ______ ।

साँझ : ______ ।

रूपैयाँ : ______ ।

गाउँ : ______ ।

संस्कार : ______ ।

संहार : ______ ।

संसार : ______ ।

एकाइ १३

# करण र अकरण

१. तल दिइएका चित्र हेरेर पढ्नुहोस् :




तिमी विद्यालय जाऊ ।



तिमी विद्यालय नजाऊ ।



म कविता लेखूँ ।



म कविता नलेखूँ ।



म घर आउँला ।



म घर नआउँला ।



तिमी गीत गाउँछौ ।



तिमी गीत गाउँदैनौ ।

कुनै काम हुन्छ भन्ने अर्थ बुझाउने वाक्यलाई करण भनिन्छ । कुनै काम हुँदैन भन्ने अर्थ बुझाउने वाक्यलाई अकरण भनिन्छ ।

## २. तलका वाक्यहरू पढेर बुझ्नुहोस् :

| करण | अकरण |
|---|---|
| तँ ज्ञानी छस् । | तँ ज्ञानी छैनस् । |
| राधा धेरै बोल्छे । | राधा धेरै बोल्दिन । |
| लाक्पाले सगरमाथा चढ्यो । | लाक्पाले सगरमाथा चढेन । |
| उनीहरू विद्यालय जान्छन् । | उनीहरू विद्यालय जाँदैनन् । |
| तिमी खाना खाऊ । | तिमी खाना नखाऊ । |
| ऊ घर जान्थ्यो । | ऊ घर जाँदैनथ्यो । |
| तिमी क्रिकेट खेल । | तिमी क्रिकेट नखेल । |
| तिमी ठुलो भए । | तिमी ठुली नभए । |

## ३. करणबाट अकरण बनाउने तरिका

**(क) क्रियापदको सुरुमा 'न' लगाएर**

आज्ञार्थ, इच्छार्थ र सम्भावनार्थ क्रियापदको अगाडि 'न' थपिन्छ ।

| करण | अकरण |
|---|---|
| जाऊ | नजाऊ |
| पर्ला | नपर्ला |
| सुनें | सुनिन |
| खेल | नखेल |
| आउला | नआउला |
| खेली | नखेली |

| करण | अकरण |
|---|---|
| जा | नजा |
| भए | नभए |
| बस् | नबस् |
| जानुहोस् | नजानुहोस् |
| लाग्ला | नलाग्ला |
| जाओस् | नजाओस् |

**(ख) क्रियापदका बिचमा 'न' लगाएर**

| करण | अकरण |
|---|---|
| गएछ | गएनछ |
| बसेछ | बसेनछ |
| जान्थे | जाँदैनथे |
| जानुभएछ | जानुभएनछ |
| खेल्थे | खेल्दैनथे |

| करण | अकरण |
|---|---|
| भएछ | भएनछ |
| परेछ | परेनछ |
| डुल्थे | डुल्दैनथे |
| गरेछ | गरेनछ |
| जान्थी | जाँदैनथी |

**(ग) क्रियापदको अन्त्यमा 'न' लगाएर**

सबै कालका सामान्य, अपूर्ण र पूर्ण पक्षका क्रियापदको अन्त्यमा 'न' लाग्दछ ।

| करण | अकरण |
|---|---|
| जान्छु | जान्न |
| खेल्छौ | खेल्दैनौ |
| पढ्छौ | पढ्दैनौ |
| हुने छ | हुने छैन |
| थियो | थिएन |
| पढ्छ | पढ्दैन |

| करण | अकरण |
|---|---|
| लेख्छ | लेख्दैन |
| जाँदै छु | जाँदै छैन |
| थियो | थिएन |
| छु | छैन |
| हुन्छ | हुँदैन |
| भनेकी छे | भनेकी छैन |

## अभ्यास

१. **तलका शब्दहरूमध्ये करण शब्दमा गोलो ◯ घेरा लगाउनुहोस् :**

पढ्छ, जान्थे, डुल्दैनथे, परेनछ, बसेछु, गएनछ, पर्ला, देखिनँ, लेख्दै छ, जानेछ, पढ्दैन, नपढूँ, आएस्, देखेछ, थिएन, नजा, परेनछ, हेरौँ, बस्थे, जाऊ, गएछन्, खानुहोस्, होइन, छन्, सुत्ली, दौडियो, नसक्ला, सक्थे, सुक्यो, जानुभएछ, होइन, रोयो, नपाउँला ।

२. **तलका शब्दहरूमध्ये अकरण शब्दमा गोलो घेरा लगाउनुहोस् :**

नसुत्ली, लेख्छ, छैनन्, गर्छ, छु, हुनेछैन, थिएन, पोल्छ, खेल्देनौ, जान्थी, खेल, नजाऊ, लाग्ला, नभए, गर्थिस्, पढ्दैनथे, लेख्दैन, खेल्छौ, गरेछौ, खेली, नजाऔला, देखिए, नबनाऊ, गर्छ, भएन, आउनुभएन, आइन्, नबनोस्, नसक्ला, जानुभएछ, नभन्ली ।

३. **तलका करण क्रियालाई अकरणमा बदल्नुहोस् :**

| | | | |
|---|---|---|---|
| जा | ______ | नाच्छे | ______ |
| घुम्छ | ______ | हुने छ | ______ |
| बस्ला | ______ | खेल्छौ | ______ |
| जाने छु | ______ | छ | ______ |
| खान्छस् | ______ | थियो | ______ |
| गऱ्यो | ______ | हुने छौ | ______ |
| पर्ला | ______ | जाँदै छौ | ______ |
| जा | ______ | हुने छ | ______ |

४. **तलका अकरण क्रियालाई करणमा बदल्नुहोस् :**

| | | | |
|---|---|---|---|
| भएनछ | ______ | नपढ | ______ |
| पढ्दिन | ______ | जान्न | ______ |

| | | | |
|---|---|---|---|
| भएनन् | ______ | आउँदैन | ______ |
| हुने छैन | ______ | पोल्दैन | ______ |
| होइन | ______ | होइनौ | ______ |
| घुम्दैनौँ | ______ | नबन्ला | ______ |
| परेनछ | ______ | फलेन | ______ |
| आएनन् | ______ | जाँदिन | ______ |

## ५. तलका करण वाक्यलाई अकरणमा बदल्नुहोस् :

(क) म घरमा बस्छु । ______ ।

(ख) आमा खाना बनाउनुहुन्छ । ______ ।

(ग) आज पानी पर्‍यो । ______ ।

(घ) तँ विद्यालय जा । ______ ।

(ङ) उनीहरू बजार गएछन् । ______ ।

(च) उनी शिक्षक हुन् । ______ ।

(छ) हामी मानिस हौँ । ______ ।

(ज) म घुम्न जाने छु । ______ ।

(झ) ऊ त्यहाँ बस्ला । ______ ।

(ञ) मैले पढेको छु । ______ ।

## ६. तलका प्रश्नहरूको उत्तर दिनुहोस् :

(क) करण भनेको के हो ?

(ख) अकरण भनेको के हो ?

(ग) करणबाट अकरण बनाउँदा के गर्नुपर्छ ?


एकाइ १४

# विभक्ति


१. तल दिइएका चित्र हेरेर पढ्नुहोस् :



भाइले पुस्तक पढ्यो ।



उसले मलाई कलम दियो ।



रूखबाट स्याउ झऱ्यो ।



मैले उसलाई पढाएँ ।



हामी कक्षामा बस्छौँ ।



भोलिदेखि परीक्षा सुरु हुन्छ ।



म सिसाकलमले लेख्छु ।



यो गोपालको कलम हो ।

नाम अथवा सर्वनामसँग जोडिएर वाक्यभित्रका पदहरूका बिचको सम्बन्ध देखाउन आउने ले, लाई, देखि, बाट, को, का, की, रो, रा, री, नो, ना, नी, मा, माथि आदिलाई विभक्ति भनिन्छ ।


## २. विभक्तिका प्रकार

विभक्ति सात प्रकारका छन् :

| विभक्ति | चिह्न | वाक्य |
|---|---|---|
| प्रथमा | ले, बाट | भाइले खाजा खायो । |
| द्वितीया | लाई | मैले बहिनीलाई पढाएँ । |
| तृतीया | ले, बाट, द्वारा | म चक्कुले आँप काट्छु । |
| चतुर्थी | लाई | दिदीले मलाई खाजा दिनुभयो । |
| पञ्चमी | देखि, बाट | राम बसबाट घर आयो । |
| षष्ठी | को, का, की<br>रो, रा, री<br>नो, ना, नी | मेरो भाइको नाम दावा हो ।<br>आफ्नो काम गर<br>रामको पुस्तक हरायो । |
| सप्तमी | मा, माथि | टेबलमा पुस्तक छ । |

३. **तलका कुरा पढेर बुझ्नुहोस् :**

- विभक्ति चिह्न नाम, सर्वनाम पछाडि जोडिएर आउँछ ।
- विभक्तिले वाक्यभित्रका पदहरूका बिचको सम्बन्ध देखाउँछ ।
- विभक्ति छुट्टै लेख्दा अर्थ आउँदैन ।



## अभ्यास

१. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| रामले खाजा खायो । | द्वितीया |
| मैले भाइलाई खेलाएँ । | चतुर्थी |
| म चक्कुले स्याउ काट्छु । | प्रथमा |
| बुबाले मलाई कलम दिनुभयो । | षष्ठी |
| कक्षाबाट विद्यार्थीहरू बाहिर गए । | सप्तमी |
| मेरो दाजुको नाम सुजन हो । | पञ्चमी |
| उनीहरू घरमा बस्छन् । | तृतीया |

२. **तलका वाक्यमा प्रयोग भएका विभक्ति चिह्नमा गोलो ◯ घेरा लगाउनुहोस् :**

(क) ऊ काठमाडौँबाट घर फर्कियो ।

ख) मेरो बुबाको नाम रामप्रसाद हो ।

(ग) बुबाले मेरो लागि पुस्तक ल्याइदिनुभयो ।

(घ) भाइ कलमले लेख्छ ।

(ङ) गोपालले मलाई घरमा बोलायो ।

(च) मैले आफ्नो काम आफैँ गरेँ ।

(छ) छानामाथि चरो बसेको छ ।

(ज) टेबलमा पुस्तकहरू राखिएका छन् ।

(झ) देशको माया सबै जनतामा हुनुपर्छ ।

(ञ) म पोखराबाट हिजो घर आएँ ।

३. **मिल्ने विभक्ति चिह्न राखी खाली ठाउँ भर्नुहोस् :**

(क) मैले तिमी ____________ बजारमा भेटेँ ।

(ख) म सिसाकलम ____________ चित्र बनाउँछु ।

(ग) यो राधिका ____________ पुस्तक हो ।

(घ) राम ____________ छोरो सहरमा पढ्न गयो ।

(ङ) राम बस ____________ चढेर पढ्न गयो ।

(च) हामी घर ____________ बस्छौँ ।

(छ) रूख ____________ आँप झर्‍यो ।

(ज) मेरो बुबा ____________ दाइ ____________ साथीले बोलाउनुभयो ।

४. **कोष्ठकमा दिइएको निर्देशनअनुसार खाली ठाउँमा विभक्ति चिह्न भर्नुहोस् :**

(क) राम ____________ आँप खाएछ । (प्रथमा विभक्ति)

(ख) बुबाले भाइ ____________ विद्यालय पढाउनुभयो ।(द्वितीया विभक्ति)

(ग) भूकम्प ____________ धेरै घरहरू क्षति गर्‍यो । (तृतीया विभक्ति)

(घ) मैले बजार ____________ कलम किनेर ल्याए । (पञ्चमी विभक्ति)

(ङ) दाजुले बहिनी ____________ पुस्तक ल्याइदिनुभयो । (चतुर्थी विभक्ति)

(च) छाना ____________ चरो छ । (सप्तमी विभक्ति)

५. **तलका विभक्ति प्रयोग गरेर एक-एक ओटा वाक्य बनाउनुहोस् :**

ले : ________________________________________ ।

लाई : ________________________________________ ।

देखि : _______________________________________________।

बाट : _______________________________________________।

मा : _______________________________________________।

माथि : _______________________________________________।

को : _______________________________________________।

का : _______________________________________________।

की : _______________________________________________।

रो : _______________________________________________।

रा : _______________________________________________।

री : _______________________________________________।

नो : _______________________________________________।

ना : _______________________________________________।

नी : _______________________________________________।

६. **तलका प्रश्नहरूको उत्तर दिनुहोस् :**

(क) विभक्ति भनेको के हो ?

(ख) विभक्ति कति प्रकारका छन् ?

एकाइ १५

# पदसङ्गति

१. तल दिइएका चित्र हेरेर पढ्नुहोस् :



ऊ पाठ पढ्छ ।



हामी बजार जान्छौँ ।



उनीहरू क्रिकेट खेल्छन् ।




म भात खान्छु ।



दिदी डाक्टर हुनुहुन्छ ।



तँ खेल्न जान्छस् ।



केटी ज्ञानी छे ।



एउटा रूख ढल्यो ।

वाक्यमा कर्ताको लिङ्ग, वचन र पुरुषअनुसार क्रियापद मिलाएर लेख्नुलाई **पदसङ्गति** भनिन्छ ।

## २. पदसङ्गतिका प्रकार

### (क) कर्ता र क्रियाबिच पदसङ्गति

वाक्यमा कर्ता जुन लिङ्ग, वचन, पुरुष र आदरको हुन्छ सोही लिङ्ग, वचन, पुरुष र आदरका आधारमा क्रियाको प्रयोग हुनु कर्ता र क्रियाबिचको **पदसङ्गति** हो । यसलाई पनि निम्न भागमा विभाजन गर्न सकिन्छ :

### (अ) लिङ्गअनुसार पदसङ्गति

तलका वाक्यहरू पढेर बुझ्नुहोस् :

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| छोरो आयो । | छोरी आई । |
| केटो आयो । | केटी आई । |
| अग्लो केटो खेल्दै छ । | अग्ली केटी खेल्दै छे । |
| बुबा आउनुभयो । | आमा आउनुभयो । |
| दाजु घरमा बस्नुहुन्छ । | भाउजू घरमा बस्नुहुन्छ । |
| रमेश पाठ पढ्छ । | राधिका पाठ पढ्छिन् । |

वाक्यमा कर्ता जुन लिङ्गको छ, सोही आधारमा क्रियापद प्रयोग गर्नुलाई **लिङ्गअनुसार पदसङ्गति** भनिन्छ ।

### (आ) वचनअनुसार पदसङ्गति

तलका वाक्यहरू पढेर बुझ्नुहोस् :

| एकवचन | बहुवचन |
|---|---|
| म खाना खान्छु । | हामी खाना खान्छौँ । |
| ऊ गीत गाउँछ । | उनीहरू गीत गाउँछन् । |
| भाइ पढ्न गयो । | भाइहरू पढ्न गए । |
| तिमी बजार गयौ । | तिमीहरू बजार गयौ । |
| ऊ कता गयो ? | उनीहरू कता गए । |
| एउटा रूख ढल्यो । | धेरै रूखहरू ढले । |

वाक्यमा कर्ता जुन वचनमा छ, सोही आधारमा क्रियापद प्रयोग गर्नुलाई वचनअनुसार पदसङ्गति भनिन्छ ।

### (इ) पुरुषअनुसार पदसङ्गति

तलका वाक्यहरू पढेर बुझ्नुहोस् :

| प्रथम पुरुष | द्वितीय पुरुष | तृतीय पुरुष |
|---|---|---|
| म चित्र बनाउँछु । | तँ चित्र बनाउँछस् । | ऊ चित्र बनाउँछ । |
| हामी वनभोज जान्छौँ । | तिमीहरू वनभोज जान्छौ । | उहाँहरू वनभोज जानुहुन्छ । |
| | तपाईँ वनभोज जानुहुन्छ । | उनीहरू वनभोज जान्छन् । |


वाक्यमा रहेको कर्ता जुन पुरुषको छ, सोही आधारमा क्रियापद प्रयोग गर्नुलाई पुरुषअनुसार पदसङ्गति भनिन्छ ।

## (ई) आदरअनुसार पदसङ्गति

तल दिइएका वाक्यहरू पढेर बुझ्नुहोस् :

| सामान्य आदर | मध्यम आदर | उच्च आदर | अतिउच्च आदर |
|---|---|---|---|
| तँ बस्छस् । | तिमी बस्छौ । | तपाईं बस्नुहुन्छ । | हजुर बसिबक्सन्छ । |
| ऊ खेल्न जान्छे । | उनी जान्छिन् । | तपाईं खेल्न जानुहुन्छ । | मौसुफ खेल्न गइबक्सिन्छ । |

वाक्यमा रहेको कर्ता जुन आदरार्थीमा छ, सोही आधारमा क्रियापद प्रयोग गर्नुलाई आदरअनुसार पदसङ्गति भनिन्छ ।



## अभ्यास

### १. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| म भात | जान्छौं । |
| ऊ पढ्न | गए । |
| दाजु शिक्षक | खान्छु । |
| तिमी बजार | गयो । |
| उनीहरू फुटबल | गर्छस् । |
| हामी घुम्न | खेल्छन् । |
| विद्यार्थीहरू वनभोज | जान्छौ । |
| तँ चकचक | हुनुहुन्छ । |

### २. पदसङ्गति मिलाएर लेख्नुहोस् :

(क) मेरो भाइ खेल्छिन् । ______________________ ।

(ख) उनीहरू कथा भन्छ । ______________________ ।

(ग) तिमी कता गइस् ? ______________________ ।

(घ) राम पढ्न जान्छन् । ______________________________ ।

(ङ) रूखहरू ढल्यो । ______________________________ ।

(च) बहिनीले भात खायो । ______________________________ ।

छ) तपाईँ पाठ पढाउँछ । ______________________________ ।

(ज) तिमीहरू हाँस्छ । ______________________________ ।

(झ) केटाहरू कथा भन्छ । ______________________________ ।

(ञ) ऊ घुम्न जान्छन् । ______________________________ ।

## ४. कोष्ठकमा मिल्ने क्रिया छानी वाक्य पूरा गर्नुहोस् :

(क) केटी असल ______________ । (छे, छन्, हुनुहुन्छ)

(ख) गुरु हामीलाई ______________ । (पढाउँछ, पढाउँछन्, पढाउनुहुन्छ)

(ग) उहाँ सफल ______________ । (भयो, हुन्छ, हुनुभयो)

(घ) ऊ कहिले ______________ । (आउँछ, आउँछन्, आए)

(ङ) हामी वनभोज ______________ । (जान्छ, जान्छन्, जान्छौँ)

(च) मलाई रमाइलो ______________ । (लाग्छ, लाग्छन्, लागे)

(छ) केटाहरू गीत ______________ । (गाउँछ, गाउँछौँ, गाउँछन्)

(ज) बुबा खाना ______________ । (पकाउनुहुन्छ, पकाउँछ, पकाउँछे)

(झ) मामा कार्यालय ______________ । (जान्छ, जानुहुन्छ, जान्छन्)

## ५. तलका प्रश्नहरूको उत्तर दिनुहोस् :

(क) पदसङ्गति भनेको के हो ?

(ख) लिङ्ग पदसङ्गति भनेको के हो ?

(ग) वचन पदसङ्गति भनेको के हो ?

(घ) पुरुष पदसङ्गति भनेको के हो ?

(ङ) आदर पदसङ्गति भनेको के हो ?

एकाइ १६

# शब्दभण्डार

## क) पर्यायवाची शब्द


१. तल दिइएका चित्र हेरेर पढ्नुहोस् :



बाटो/सडक/मार्ग



राजा/भूपति/नृप



पानी/जल/नीर



बगैँचा/फूलवारी/बाग



शरीर/जीउ/तन



ईश्वर/देवता/सुर



संसार/जगत/विश्व



घर/आवास/सदन



माया/प्रेम/स्नेह


उही अर्थ अथवा झन्डै उस्तै अर्थ दिने शब्दलाई पर्यायवाची शब्द भनिन्छ ।

## केही पर्यायपाची शब्दहरू

| | |
|---|---|
| पति | – स्वामी, लोग्ने, नाथ, श्रीमान् |
| पत्नी | – श्रीमती, स्वास्नी, जोई |
| पिता | – बुबा, जनक, बा, बाबा |
| पृथ्वी | – भू, भूमि, धरा, धर्ती, वसुन्धरा |
| प्रेम | – प्यार, स्नेह, प्रीति, माया |
| फूल | – पुष्प, कुसुम, सुमन |
| बल | – क्षमता, शक्ति, ताकत, पाइन |
| बाटो | – पथ, पन्थ, मार्ग |
| नजिक | – निकट, नगीच |
| नयाँ | – नौलो, नवीन, नूतन, नव |
| नृप | – राजा, भूपति, नृपति, नरेश |
| पहाड | – पर्वत, गिरि, शैल, नग |
| मान्छे | – मानव, नर, मनुष्य, जन, मानिस, मनुज |
| युद्ध | – समर, लडाइँ, रण, कटक, जङ्ग |
| राक्षस | – दैत्य, असुर, दानव |
| हात | – हस्त, कर, भुजा |
| हावा | – पवन, वायु, बतास |
| क्षीण | – दुब्लो, निर्धो, निर्बल, पातलो, लुते |
| रूख | – वृक्ष, पादक, द्रुम, तरु |
| वन | – अरण्य, जङ्गल |
| विश्वास | – आस्था, निष्ठा |
| शिशु | – बच्चो, बाल, बालक |
| साथी | – मित्र, सँगी, सहृदयी, सहयोगी |
| सूर्य | – भानु, दिवाकर, भाष्कर, रवि |

## (ख) विपरीतार्थक शब्द

१. तल दिइएका चित्र हेरेर पढ्नुहोस् :



आगो


पानी


दिन


रात


माया


घृणा


भाले


पोथी

कुनै शब्दको विपरीत अथवा उल्टो अर्थ दिने शब्दलाई **विपरीतार्थक शब्द** भनिन्छ ।

### केही विपरीतार्थक शब्दहरू

| | | | | | |
|---|---|---|---|---|---|
| साक्षर | – | निरक्षर | औपचारिक | – | अनौपचारिक |
| जागृत | – | सुषुप्त | त्याग | – | स्वीकार |
| संश्लेषण | – | विश्लेषण | झगडा | – | मेल |
| सुगम | – | दुर्गम | माया | – | घृणा |
| भाले | – | पोथी | भित्र | – | बाहिर |
| सपना | – | विपना | युद्ध | – | शान्ति |
| अघि | – | पछि | अर्पण | – | ग्रहण |
| उकालो | – | ओरालो | एक | – | अनेक |
| आशा | – | निराशा | सुन्दर | – | कुरूप |
| नजिक | – | टाढा | नाफा | – | नोक्सान |
| अमृत | – | विष | मिलन | – | बिछोड |
| आस्तिक | – | नास्तिक | जेठो | – | कान्छो |
| आदि | – | अन्त्य | मोटो | – | दुब्लो |
| विस्तृत | – | सङ्कुचित | उत्थान | – | पतन |
| ठिक | – | बेठिक | आकर्षण | – | विकर्षण |
| आय | – | व्यय | इज्जत | – | बेइज्जत |
| मुर्ख | – | विद्वान् | लाभ | – | हानि |
| खण्डन | – | मण्डन | उत्थान | – | पतन |

| | | | | | |
|---|---|---|---|---|---|
| पाप | – | पुण्य | संयोग | – | वियोग |
| बृहत् | – | सङ्क्षिप्त | खाली | – | भरी |
| पूर्वीय | – | पाश्चात्य | साहु | – | आसामी |
| उठान | – | बैठान | राजा | – | प्रजा |

| | | | | | |
|---|---|---|---|---|---|
| जन्म | — | मृत्यु | आँसु | — | हाँसा |
| अँध्यारो | — | उज्यालो | अखण्ड | — | खण्ड |
| उदय | — | अस्त | धनी | — | गरिब |
| फेद | — | टुप्पो | प्राकृतिक | — | कृत्रिम |
| आकाश | — | पाताल | आस्तिक | — | नास्तिक |
| आगो | — | पानी | वर | — | पर |
| घर | — | वन | जीवन | — | मरण |


## (ग) श्रुतिसमभिन्नार्थक शब्द

१. तल दिइएका चित्र हेरेर पढ्नुहोस् :


दीप



द्वीप


हाट


हात


सिता


सीता


दिन


दीन

सुन्दा उस्तै सुनिने तर अर्थ फरक बुझाउने शब्दलाई श्रुतिसमभिन्नार्थक शब्द भनिन्छ ।

## केही श्रुतिसमभिन्नार्थक शब्दहरू

| | |
|---|---|
| आभास – | अड्कल |
| आवास – | घर |
| | |
| कृति – | सिर्जना |
| कीर्ति – | यश |
| | |
| सुन – | सुन्ने काम गर |
| सुन – | स्वर्ण |
| | |
| अन्न – | अनाज |
| | |
| अन्य – | अरू |
| आँट – | हिम्मत |
| आँत – | भित्री अङ्ग |
| | |
| उपर्युक्त – | माथि भनिएको |
| उपयुक्त – | उचित |
| | |

| | |
|---|---|
| गर्व – | घमण्ड |
| गर्भ – | पेट |
| | |
| फेरि – | पुन |
| फेरी – | परिक्रमा |
| | |
| बेस– | राम्रो |
| भेष – | पहिरन |
| | |
| महिना – | ३० दिन |
| मैना — | चरो |
| यति | मात्रा |
| यती | हिम मानव |
| | |
| यस — | यो |
| यश — | कीर्ति |
| | |
| लहर — | पङ्क्ति |

| | |
|---|---|
| लहड — | मनको तरङ्ग |
| | |
| पालि — | पटक |
| पाली — | घरसँग गाँसिएको भाग |
| | |
| खाली — | रित्तो |
| खालि — | केवल |
| | |


| | |
|---|---|
| बास — | बस्ने ठाउँ |
| बाँस — | एक प्रकारको रूख |
| | |
| बाजी — | होड |
| बाजि — | पटक |
| | |
| सीता | रामकी पत्नी |
| सिता | भातको सानो अंश |


## (घ) अनेकार्थक शब्द

१. तल दिइएका चित्र हेरेर पढ्नुहोस् :





कोइला ⟵ गोल ⟶ गोलो भएको







वर्ष ⟵ साल ⟶ रूख







चिठी ⟵ पत्र ⟶ पाना





माला ⟵ हार ⟶ पराजय





भकुण्डो ←बल→ शक्ति



एउटै शब्दले प्रसङ्गअनुसार अनेक अर्थ दिने शब्दलाई अनेकार्थक शब्द भनिन्छ ।

## केही अनेकार्थक शब्दहरू

| | | |
|---|---|---|
| टीका | – | निधारको शोभा, व्याख्या, दशैँ |
| असार | – | महिना, सार नभएको |
| कर | – | तिरो, ढिपी, हात |
| मास | – | महिना, खर्च गर |
| काल | – | समय, मृत्यु |
| तान | – | लुगा बुन्ने तान, लय, सुर |
| हात | – | अङ्ग, भूमिका |
| हार | – | पङ्क्ति, पराजय, माला |
| नगर | – | सहर, निषेध |
| गोल | – | कोइला, अङ्गार, गोलो भएको |
| पत्र | – | चिठी, पाना, तह |
| माझ | – | बिच, मध्य, सफा गर |
| ताल | – | पोखरी, ढाँचा, सुर |

| | | |
|---|---|---|
| पक्ष | – | पन्ध्र दिन, तर्फ, पखेटा |
| अर्थ | – | धन, मतलब |
| जाल | – | झेल, पासो |
| पुरा | – | पूर्ण, जुठो |
| उनी | – | तिनी, ऊन |
| जुवा | – | खेल, जोत्दा गोरुको काँधमा लगाइने काठ |
| जुन | – | संयोजक, सर्वनाम, चन्द्रमा |

## (ङ) अनुकरणात्मक शब्द

१. **तल दिइएका चित्र हेरेर पढ्नुहोस् :**



भुर्र



लुगलुग



टहटह



धपक्क



खचाखच



फटाफट



मुसुक्क



लटरम्म



झमक्क

कुनै वस्तुको आवाज, दृश्य तथा काम गराइको नक्कल गर्ने शब्दलाई **अनुकरणात्मक शब्द** भनिन्छ ।

## केही अनुकरणात्मक शब्दहरू

प्वाक्क (हान्नु)
अकमक्क (पर्नु)
अचम्म (पर्नु)
कत्रक्क (पर्नु)
खिस्स (हास्नु)
रनक्क (ताल्नु)
भुसुक्क (निदाउनु)
अकमक्क (पर्नु)
फतक्क( गल्नु)
जुरुक्क (उठ्नु)
भुर्र (उड्नु)
सुटुक्क (जानु)
मुसुक्क (हाँस्नु)
बरर्र (आँसु झार्नु)
कुरुमकुरुम (चपाउनु)
जऱ्याकजुरुक (एकाएक उठ्नु)
टुप्लुक्क (आइपुग्नु)
झ्वाम्म (पानीमा हाम फाल्नु)
धपक्क (बल्नु)

थचक्क (बस्नु)
पिच्च (थुक्नु)
लुगलुग (काँप्नु)
खलखल (पसिना आउनु)
खचाखच (भरिनु)
टपक्क (टिप्नु)
जिरिङ्ग (तर्सनु)
चिर्रचिर्र (चिरबिराउनु)
फटाफट (हिँड्नु)
फुत्त (निस्कनु)
ढपक्क (ढाक्नु)
चुर्लुम्म (डुब्नु)
फटाफट (हिँड्नु)
गमक्क (पर्नु)
चटक्क (छाड्नु)
कुपुक्क (खानु)
खचाखच (भरिनु)
रिमरिम (उज्यालो हुनु)
भकभकी (उमाल्नु)

## (च) लघुतावाची शब्द

१. तल दिइएका चित्र हेरेर पढ्नुहोस् :



चरो



चरी



छुरा



छुरी



लसुन




पोटी




पुस्तक




पुस्तिका



थाल



थाली

कुनै वस्तु अथवा व्यक्तिको थोरै अथवा सानो बुझाउने शब्दलाई लघुतावाची शब्द भनिन्छ ।

## केही लघुतावाची शब्दहरू

| | | |
|---|---|---|
| अचार | – | पित्को |
| बटुको | – | बटुकी |
| डालो | – | डाली |
| टीका | – | टिकी |
| कचौरा | – | कचौरी |
| भात | – | सितो |
| आगो | – | झिल्को |
| सुन्तला | – | केस्रो |
| चिया | – | सुर्को |
| धागो | – | सरो |
| खोपो | – | खोपी |
| खाट | – | खटिया |
| पुस्तक | – | पुस्तिका |
| काँक्रो | – | चिरा |
| नुन | – | ढिको |
| मासु | – | चौटा |
| चिम्टा | – | चिम्टी |
| गेडा | – | गेडी |
| साग | – | त्यान्द्रो |
| चुरा | – | चुरी |
| किरो | – | किरी |
| रोटी | – | टुक्रा |
| दाउरा | – | छेस्को |
| तोरी | – | गेडो |

| | | |
|---|---|---|
| धान | – | बालो |
| बटुको | – | बटुकी |
| अनार | – | दानो |
| झोला | – | झोली |
| पटुका | – | पटुकी |
| मूला | – | चानो |
| आगो | – | झिल्को |
| सुन्तला | – | केस्रो |
| चिया | – | सुर्को |
| रगत | – | थोपो |
| साग | – | त्यान्द्रो |
| बोट | – | टुसो |
| कपाल | – | रौँ |
| तेल | – | थोपो |
| पानी | – | छिटो |
| चरा | – | चरी |
| कोदालो | – | कोदाली |
| छुरा | – | छुरी |
| डोरी | – | पोयो |
| पानी | – | छिटो |
| धागो | – | सरो |
| खाट | – | खटिया |
| खेत | – | सुर्को |

## (छ) सिङ्गो शब्द

१. तल दिइएका चित्र हेरेर पढ्नुहोस् :



मासु मात्र खाने (मांसाहारी)



राष्ट्रको लागि जीवन दिने (सहिद)



घाममा सुकाएको अन्न (बिस्कुन)



अन्न र सागपातमात्र खाने (शाकाहारी)



श्रम गरेर बाँच्ने (श्रमजीवी)



भर्खरै ब्याएको (लैनो)

धेरै शब्दहरूले बुझाउने अर्थ एउटै शब्दले दिन्छ भने त्यस्तो शब्दलाई सिङ्गो शब्द भनिन्छ ।

## केही सिङ्गो शब्दहरू

| | | |
|---|---|---|
| सहन न सकिने | – | असह्य |
| ईश्वरमा विश्वास नगर्ने | – | नास्तिक |
| लगातार कविता लेख्न सक्ने कवि | – | आशुकवि |
| घाममा सुकाएको अन्न | – | बिस्कुन |
| राष्ट्रको निम्ति जीवन दिने व्यक्ति | – | सहिद |
| काट्न नसकिने | – | अकाट्य |
| रातमा आँखा नदेख्ने रोग | – | रतन्दो |
| देख्न नसकिने | – | अदृश्य |
| कहिल्यै नमर्ने | – | अमर |
| चारैतिर तुना बाँधेर लगाइने चोली | – | चौबन्दी |
| आमाबाबु मरेको अनाथ | – | टुहुरो |
| दश वर्षको अवधि | – | दशक |
| विवाहमा छोरीचेलीलाई दिइने धनसम्पत्ति | – | दाइजो |
| जसको कुनै शत्रु छैन | – | अजात शत्रु |
| कसैले भनेको नटेर्ने | – | अटेरी |
| बेकाममा हिँडिरहने | – | अल्लारे |
| आफूले आफैँलाई मार्ने काम | – | आत्महत्या |
| जो गरेको उपकार देख्दछ | – | कृतज्ञ |
| खुकुरी राख्ने खोल | – | दाप |
| जो उपकार देख्दैन | – | कृतघ्न |

## (ज) सङ्क्षिप्त शब्द

१. तल दिइएका चित्र हेरेर पढ्नुहोस् :



का.जि. (काठमाडौँ जिल्ला)




ने.वा.नि. (नेपाल वायुसेवा निगम)




गा.पा. (गाउँपालिका)



रा.स.स. (राष्ट्रिय समाचार समिति)



अ.दु.अ.आ.

(अख्तियार दुरूपयोग अनुसन्धान आयोग)




प.नि.का.

(परीक्षा नियन्त्रण कार्यालय)

एक अथवा एकभन्दा बढी शब्दका अघिल्ला अक्षरहरूबाट बनाइएका शब्दलाई सङ्क्षिप्त शब्द भनिन्छ ।

## केही प्रचलित सङ्क्षिप्त शब्दहरू

| | | |
|---|---|---|
| प्र.अ. | — | प्रधानाध्यापक |
| जि.वि.स. | — | जिल्ला विकास समिति |
| का.जि. | — | काठमाडौँ जिल्ला |
| आ.व. | — | आकाश वाणी |
| क्षे.शि.का. | — | क्षेत्रीय शिक्षा कार्यालय |
| आ.व. | — | आर्थिक वर्ष |
| ई.सं. | — | ईस्वी सम्वत् |
| नि.मा.वि. | — | निम्न माध्यमिक विद्यालय |
| मा.वि. | — | माध्यमिक विद्यालय |
| वि.नि. | — | विद्यालय निरीक्षक |
| प.नि.का. | — | परीक्षा नियन्त्रण कार्यालय |
| गा.पा. | — | गाउँपालिका |



## अभ्यास

१. **पर्यायवाची शब्दसँग जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| गगन | रवि |
| देह | निकट |
| फूलबारी | आकाश |
| नजिक | जल |
| सूर्य | शरीर |
| पानी | बगैँचा |

२. **तलका शब्दहरूको पर्यायवाची शब्द लेख्नुहोस् :**

हात ______________ ईश्वर ______________

| | | | |
|---|---|---|---|
| पोखरी | ______ | राजा | ______ |
| संसार | ______ | बाटो | ______ |
| मानिस | ______ | दुःख | ______ |
| गरिब | ______ | बालक | ______ |

३. तल दिइएका शब्दको विपरीतार्थक शब्द लेख्नुहोस् :

| | | | |
|---|---|---|---|
| जन्म | ______ | आगो | ______ |
| उज्यालो | ______ | सम्पन्न | ______ |
| हाँसो | ______ | सपना | ______ |
| खाली | ______ | धर्म | ______ |
| फेद | ______ | लामो | ______ |

४. तल दिइएका शब्दहरूको श्रुतिसमभिन्नार्थक शब्दको अर्थ लेख्नुहोस् :

| | | | |
|---|---|---|---|
| सीता | ______ | सिता | ______ |
| नारी | ______ | नाडी | ______ |
| मैना | ______ | महिना | ______ |
| खट | ______ | खत | ______ |
| हाट | ______ | हात | ______ |

५. तल दिइएका शब्दको अनेकार्थक अर्थ लेख्नुहोस् :

| | | |
|---|---|---|
| गोल | ______ | ______ |
| साल | ______ | ______ |

हार ______ ______

तर ______ ______

पत्र ______ ______

तान ______ ______

हात ______ ______

ताल ______ ______

६. तल दिइएका शब्दहरूको सिङ्गो शब्द लेख्नुहोस् :

(क) कसैले भनेको नटेर्ने ______

(ख) जो कहिले पनि मर्दैन ______

(ग) घाममा सुकाएको अन्न ______

(घ) रातमा आँखा नदेख्ने रोग ______

(ङ) ईश्वरमा विश्वास नगर्ने ______

(च) मासु मात्र खाने ______

(छ) अन्न र सागपात मात्र खाने ______

७. तल दिइएका शब्दहरूको लघुतावाची शब्द लेख्नुहोस् :

खाट ______ छुरा ______

पुस्तक ______ गाग्रो ______

कोदालो ______ लसुन ______

घरी ______ चरो ______

टिका ______ गेडा ______

८. तल दिइएका सङ्क्षिप्त शब्दको विस्तारित रूप लेख्नुहोस् :

प्र.अ. ______ जि.वि.स. ______

मा.वि. ______ त्रि.वि. ______

गो.प. ______ प्र.जि.अ. ______

गो.द.बा. ______ गा.वि.स. ______

९. तल दिइएका अनुकरणात्मक शब्दको प्रयोग गरी वाक्य बनाउनुहोस् :

धुरुधुरु : ______ ।

पिटिक्क : ______ ।

धपक्क : ______ ।

झमझम : ______ ।

चुर्लुम्म : ______ ।

थचक्क : ______ ।

जुरुक्क : ______ ।

दनदनी : ______ ।

घुटुघुटु : ______ ।

खचाखच : ______ ।

चटक्क : ______ ।

एकाइ १७

# उखान टुक्का

## १. उखान टुक्काको परिचय

कुनै भाषा बोल्ने व्यक्तिहरूको समुदायले आफ्ना पुस्तौँपुस्तादेखि देखिएका मार्मिक अनुभवको सारलाई दृष्टान्तका रूपमा हुर्काउँदै आएका घतिला र उपयोगी भनाइलाई उखान भनिन्छ । उखान भनेको लोक अथवा जनसाधारणको सानो अथवा सूत्रात्मक भनाइ हो । नेपाली लोक जीवनमा उखानको प्रशस्त प्रयोग भएको पाइन्छ ।

### केही उखान र तिनको वाक्यमा प्रयोग

– खाने मुखलाई जुँगाले छेक्दैन (आँटिलो व्यक्तिलाई कुनै बाधाले रोक्दैन)

गाउँबाट सहर आई पढिरहेको हरिलाई बुबाले खर्च पठाइरहेका थिए तर उसका बाबुको अचानक मृत्यु भएकाले उसलाई घरबाट खर्च आउन छाड्यो । खाने मुखलाई जुँगाले छेक्दैन भनेझैँ उसले ट्युसन पढाएर भए पनि आफ्नो पढाइ पूरा गऱ्यो ।

– इन्द्रका अगाडि स्वर्गको बखान (जान्नेको अगाडि नजान्नेले बखान गर्नु)

पोखरामा जन्मेको शिवको अगाडि एक दिन घुमेर आएको कृष्णले पोखराको बखान गरेको सुन्दा मलाई इन्द्रको अगाडि स्वर्गको बयान गरे झैँ लाग्यो ।

– आफू भलो त जगतै भलो (आफू राम्रो भए अरूलाई पनि राम्रो देखिन्छ)

आफू भलो त जगतै भलो भने झैँ सज्जनले सबैलाई सज्जन र दुष्टले सबैलाई दुष्ट नै देख्छ ।

– एक हातले ताली बज्दैन (सहयोग दुईतर्फबाट हुनुपर्छ)

मैले हरिलाई अप्ठ्यारो पर्दा सहयोग गर्ने गरेको छु तर हरिले मलाई अप्ठ्यारो पर्दा सहयोग गर्दैन । सायद हरिलाई एक हातले ताली बज्दैन भन्ने

कुरा थाहा छैन कि जस्तो छ ।

- ओरालो लागेको मृगलाई बाच्छाले पनि खेद्छ (समस्यामा परेकालाई सबैले हेप्छन्)

  श्यामबहादुर अध्यक्ष हुँदा सबैतिर उसको हाइहाइ थियो तर अहिले अध्यक्ष पद खोसिएपछि कसैले वास्ता गर्दैनन् । ओरालो लागेको मृगलाई बाच्छाले पनि खेद्छ भनेको यही हो ।

- के खोज्छस् काना आँखो (आवश्यक चिज पाउनु)

  मलाई एउटा हिसाब गर्न नआएर गुरुलाई भेट्न जाउँ भन्दै थिएँ; अचानक गुरु मेरा घरमै आइपुग्नु भएकाले मलाई त के खोज्छस् कानो आँखो भनेझैं पो भयो ।

## २. उखान र तिनको अर्थ

**उखान** **अर्थ**

कानो गोरुलाई औँसी न पुर्ने (मुर्खलाई राम्रो नराम्रो दुवै समान)

कामकुरा एकातिर कुम्लो बोकी ठिमीतिर (एकातिरको काम छाडी अर्कोतिर लाग्नु)

कि हस्तिनापुरको राज कि यमपुरीको बास (हिम्मत गर्दा कि बाँचिन्छ कि मरिन्छ)

गरिबको भान्सा खुर्सानीको सिँगार (दु:खीले साधारण कुरामा रमाउनुपर्ने स्थिति)

घाँटी हेरी हाड निल्नु (क्षमताअनुसार खर्च गर्नु)

घोडा चड्ने लड्छ (काम गर्दा बिग्रन सक्छ )

चौटा खान गएकी बुढी झोलमा डुबेर मरी (धेरै नाफा खोज्दा उल्टै नोक्सान हुनु)

छन् गेडी सबै मेरी छैनन् गेडी सबै टेडी (धन भए आफन्त नभए पराइ)

जति जोगी आए पनि कानै चिरेका (जो आए पनि उस्तै)

जब पऱ्यो राति अनि बूढी ताती (समय बितेपछि काममा लाग्ने)

जसले मह काट्छ उसले हात चाट्छ (परिश्रमीले फल पाउँछ)

जान्नेलाई श्रीखण्ड नजान्नेलाई खुर्पाको बिँड (बुझ्नेलाई राम्रो नबुझ्नेलाई अर्थहीन)

हुने बिरुवाको चिल्लो पात (पछि राम्रो हुने कुराको सङ्केत पहिला नै मिल्छ)

अचानाको मर्का खुकुरीले जान्दैन (भोग्नेलाई मात्र दुःखको अनुभव हुन्छ)

कहिले सासूको पालो कहिले बुहारीको पालो (सबैको दिन आउनु)

अकबरी सुनलाई कसी लाउन पर्दैन (राम्रो वस्तुलाई जाँचिरहनु पर्दैन)

आकाशको फल आँखा तरी मर (हुन नसक्ने कुराको आशा व्यर्थ)

अगुल्टाले हानेको कुकुर बिजुली चम्कँदा तर्सिन्छ (एक पटक ठक्कर खाएको मान्छे सधैँ डराउँछ)

अजिङ्गरको आहारा दैवले पुऱ्याउँछ (कुनै न कुनै रूपबाट प्राणीले खाने कुरा पाउँछ नै)

आफैँ त महादेव उत्तानो टाङ कसले देला वर (असमर्थ मान्छेले अर्काको सहयोग गर्न सक्दैन)

आलु खाएर पेडाको धाक (क्षमता नहुनेले बढाइ चढाइ गर्नु)

एकले थुकी सुकी सयले थुकी नदी (एकले गर्न नसकिने काम धेरै मिलेर गर्न सकिने)

एकोहोरो रोटी पाक्दैन (सहयोग दोहोरो हुनुपर्छ)

कसैलाई काखा कसैलाई पाखा (पक्षपात गर्नु)

काग कराउँदै छ पिना सुक्दै छ (भन्नेले भन्दै गर्छ आफ्नो काम छाड्नु हुन्न)

नाच्न नजान्ने आँगन टेडो (आफ्नो ढङ्ग नहुनेले अरूलाई दोष दिन्छ)

पशुपतिको जात्रा सिद्राको व्यापार (एउटा प्रयासबाट दुई ओटा काम गर्नु)

बाँदरको पुच्छर लौरो न हतियार (कुनै पनि काम कुरामा नआउने)

मुखमा राम राम बगलीमा छुरा (बाहिर ठिक्क पार्ने तर भित्र षड्यन्त्र गर्ने)

मेरो गोरुको बाह्रै टक्का (नचाहिँदो जिद्दी गर्नु)

रातभरि करायो दक्षिणा हरायो (काम गरे पनि फल नपाउने)

ल्हासामा सुन छ कान मेरो बुच्चै (अर्काको धन काम लाग्दैन)

साँप पनि नमरोस् लट्ठी पनि नभाँचियोस् (कतै असर नपरी फाइदा लिनु)

बाँदरको हातमा नरिवल (अयोग्यको हातमा बहुमूल्य वस्तु)

## ३. टुक्काको परिचय :

खास–खास शब्दहरूसँग लाग्दा कुनै क्रियाले खास खास अर्थ दिन्छ भने त्यस्ता शब्द अथवा क्रियाले बनाएको पदसमूह अथवा पदावलीलाई टुक्का भनिन्छ । टुक्काको रूपमा प्रयोग हुने विशेष शब्द अथवा क्रियाले मिलेर तिनको सामान्य अर्थलाई मोडी विशेष अर्थ दिन्छन् । टुक्का लोक जीवनबाट आएको अभिव्यक्तिगत सम्पत्ति हो ।

### केही महत्त्पूर्ण टुक्का

खुत्रुक्क पर्नु (मरेतुल्य हुनु)

सिकारीले मृगलाई गोलीले हिर्काएर खुत्रुक्कै पार्‍यो ।

कानमा तेल हाल्नु (जाँगर मारेर हुनु)

परीक्षाको समयमा कानमा तेल हालेर बस्नु ठिक होइन ।

कान काट्नु (बाजी थाप्नु)

राकेशको टिमले क्रिकेट खेल जित्यो भने त म मेरो कान काटिदिन्छु ।

कान ठाडो पार्नु (चनाखो हुनु)

आजभोलि सबै जना भूकम्पको त्रासले कान ठाडो पारेर बसेका छन् ।

खुट्टा छोड्नु (हरेस खानु)

व्यापार व्यवसायमा एक पटक घाटा भयो भन्दैमा खुट्टा छोड्नु हुँदैन ।

घुँडा टेक्नु (हार खानु)

बैरीका अगाडि नेपालीहरूले घुँडा टेक्न जानेका छैनन् ।

चोचोमोचो मिलाउनु (सम्बन्ध राख्नु)

अपराधीहरूसँग चोचोमोचो मिलाउनु राम्रो होइन ।

घर खानु (घर थामेर बस्नु)

रूपमतीले आफ्नो आदर्श व्यवहारले सानैदेखि घर खाएर बसिन् ।

खग्रास पार्नु (खत्तम पार्नु)

सरोजले जुवा खेलेर आफ्नो पैतृक सम्पत्ति खग्रास पाऱ्यो ।

## केही टुक्का र तिनको अर्थ

| टुक्का | अर्थ |
|---|---|
| गद्गद् हुनु | (खुसी हुनु) |
| गुटमुटाउनु | (सबै सामान पोको पारेर लैजानु) |
| घरजम गर्नु | (बिहे गर्नु) |
| घुसघुसे हुनु | (मन खोलेर कुरा नगर्नु) |
| चन्द्रमा दाहिने हुनु | (पक्षमा हुनु) |
| घैँटामा घाम लाग्नु | (कुरो बुझ्नु) |
| चिसो पस्नु | (शङ्का गर्नु) |
| छेड हान्नु | (घोच्ने गरी भन्नु) |
| जरा गाड्नु | (फैलनु) |
| जिउँदै मर्नु | (लज्जित हुनु) |
| जिब्रो टोक्नु | (मर्नु) |
| नाक राख्नु | (इज्जत राख्नु) |
| निरीक्षण गर्नु | (जाँच बुझ गर्नु) |
| नेटो काट्नु | (भाग्नु) |
| पिलपिल गर्नु | (निभ्न लाग्नु) |

| | |
|---|---|
| ठाडो कान लगाउनु | (ध्यान दिएर सुन्नु) |
| डाडुमा पानी तताएर मर्नु | (लाछी हुनु) |
| तालुमा आलु फल्नु | (भाग्य बृद्धि हुनु) |
| थाती राख्नु | (साँच्नु) |
| थाङ्नामा सुताउनु | (छकाउनु) |
| दलिन गन्नु | (व्यर्थमा समय बिताउनु) |
| दुनो सोझ्याउनु | (स्वार्थी हुनु) |
| देश पस्नु | (विदेश जानु) |
| धोती खुस्कनु | (कुरा खुस्केको चाल नपाउनु) |
| धौधौ पर्नु | (मुस्किल पर्नु) |
| मुख सिउनु | (चुप लागेर बस्नु) |
| रजाइँ गर्नु | (मोज गर्नु) |
| शपथ खानु | (प्रतिज्ञा गर्नु) |
| शिरोधार्य गर्नु | (मनमा लिनु) |
| श्रीगणेश गर्नु | (थालनी) |
| सखाप पार्नु | (सिध्याउनु) |
| सरिक हुनु | (भाग लिनु) |
| सातो लिनु | (हकार्नु) |
| सुईँको पाउनु | (पत्तो लाउनु) |
| सैर गर्नु | (आनन्द लिनु) |
| हरेस खानु | (निराश हुनु) |
| हातमुख जोर्नु | (गाँस जुटाउनु) |
| हावा खुस्कनु | (दिमाग बिग्रनु) |
| आँखाको कसिङ्गर हुनु | (मन नपर्ने हुनु) |

## अभ्यास

१. **तल दिइएको उखानलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

बाँदरको हातमा नरिवल

घाँटी हेरी हाड निल्नु

अकबरी सुनलाई कसी लाउनु पर्दैन

आफू नमरी स्वर्ग देखिन्न

इन्द्रको अगाडि स्वर्गको बखान

आलु खाएर पेडाको धाक

एक हातले ताली बज्दैन

आफू भलो त जगतै भलो

धन देखेपछि महादेवको तीन नेत्र

एक कान दुई कान मैदान

जसले मह काढ्छ उसले हात चाट्छ

हुने बिरुवाको चिल्लो पात

२. **तल दिइएका टुक्कालाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

टाउकामा टेक्नु

कानमा तेल हाल्नु

दिन काट्नु

श्री गणेश गर्नु

टाउको खानु

टाप कस्नु

अगो हुनु

खुट्टा तान्नु

आँखाको नानी हुनु

मुख ताक्नु

मन चोर्नु

माया मार्नु

जिब्रो टोक्नु

**३. उखान भनको के हो ?**

**४. टुक्का भनेको के हो ?**

**५. तलका अर्थ पढ्नुहोस् अनि आर्यअनुसार कुन-कुन टुक्का हुन्छन् ? लेख्नुहोस् :**

| अर्थ | टुक्का |
|---|---|
| (क) पक्षमा हुनु | ____________ |
| (ख) तीखो वचन बोल्नु | ____________ |
| (ग) जाँगर नगर्नु | ____________ |
| (घ) बाजी जित्नु | ____________ |
| (ङ) पराजित हुनु | ____________ |
| (च) चनाखो हुनु | ____________ |
| (छ) चारैतिर फैलनु | ____________ |
| (ज) मन नखोल्नु | ____________ |
| (झ) कुरो बुझ्नु | ____________ |

# खण्ड 'ख'

## बोध तथा अभिव्यक्ति

एकाइ १

# बोध

१. **तल दिइएको अनुच्छेद पढ र सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

ललित कलाअन्तर्गत पर्ने कलाका धेरै भेदहरू छन्, तीमध्ये चित्रकला, मूर्तिकला र वास्तुकला विशेष उल्लेखनीय छन् । चित्रकलाको इतिहास निकै पुरानो छ । यस कलालाई परम्परागत र आधुनिक गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ । हाम्रो धर्म, संस्कृति र सामाजिक जीवनलाई मूल आधार बनाएर निर्माण गरिएका चित्र परम्परागत चित्रकला हुन् । परम्परागत नेपाली चित्रहरूमा पौवाचित्र, ग्रन्थचित्र, मुहारचित्र र थाङ्काचित्र प्रसिद्ध छन् । यस्ता चित्रहरू काठका फल्याक, कागज, कपडा, घर अथवा मन्दिरका भित्ता आदिमा बनाइएको पाइन्छ । पूर्वीय जीवन शैलीलाई मूल आधार बनाएर तयार पारिएका यस्ता चित्रहरूमा देवी देवताका आकृति, तिनका वाहन, तिनले लगाएका गहना आदिको निर्माणमा कलाकारहरूको विशेष ध्यान गएको देखिन्छ । हाम्रो सामाजिक जनजीवनका विविध पक्षलाई पनि यस कलामा समेटिएको छ । यस्ता परम्परागत चित्रहरू नेवार, थारु, मैथली, गुरुङ आदि समुदायमा लोकचित्रका नामले पनि प्रख्यात छन् । थाङ्काचित्र परम्परागत चित्रकलाकै एउटा अभिन्न अङ्ग मानिन्छ । यसको निर्माणमा धार्मिक र तान्त्रिक विधि अपनाइएको हुन्छ । यसलाई कतिपय व्यक्तिले व्यावसायिक रूपमा लिएका छन् ।

## प्रश्न र उत्तर

क) ललित कलाअन्तर्गत कुन कुन कला पर्दछन् ?

उत्तर: ललितकलाअन्तर्गत चित्रकला, मूर्तिकला र वास्तुकला पर्दछन् ।

ख)　चित्रकलालाई कति भागमा वर्गीकरण गरिएको छ ?

उत्तर : चित्रकलालाई परम्परागत र आधुनिक गरी दुई भागमा वर्गीकरण गरिएको छ ।

ग)　कस्ता चित्रलाई परम्परागत चित्रकला भनिन्छ ?

उत्तर : हाम्रो धर्म, संस्कृति र सामाजिक जीवनलाई मूल आधार बनाएर निर्माण गरिएका चित्रकलालाई परम्परागत चित्रकला भनिन्छ ।

घ)　थाङ्काचित्रको निर्माणमा कुन विधि अपनाइन्छ ?

उत्तरः थाङ्काचित्रको निर्माणमा धार्मिक र तान्त्रिक विधि अपनाइन्छ ।

ङ)　'आकृति' र 'तान्त्रिक' शब्दको अर्थ लेख्नुहोस् :

उत्तरः 'आकृति' शब्दको अर्थ 'अनुहार' हो भने 'तान्त्रिक' शब्दको अर्थ 'तन्त्रमन्त्र जान्ने' हो ।

## अभ्यास

१.　दिइएको अनुच्छेद पढी तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :

हाम्रो संविधानले तोकेबमोजिम हाम्रो राष्ट्रिय झण्डाको भुइँ सिम्रिक रङको रहेको छ । मानव जातिले व्यवहारमा ल्याएका रातो रङहरूमा सिम्रिक वर्गको रङलाई सबैभन्दा पहिलो मानिन्छ । यी रङहरू राता रङहरूमध्ये बढी प्रभावकारी हुन्छन् । प्राचीन कालमा यसलाई शाही रङ मानिन्थ्यो । हिन्दू संस्कृतिमा यस रङलाई शुभ मङ्गलको सूचक मानिन्छ । यस रङमा कोमल हृदयलाई जागृत गरिदिने, उत्साह, उमङ्ग भरिदिने र आत्मामा शक्तिको सञ्चार गर्ने विशेषताहरू रहेका छन् । आँखा र चेतनालाई अत्यधिक रूपले प्रभावित पार्ने गुण भएकाले मानिसले सभ्यताको सुरुदेखि नै यस रङको प्रयोग गर्दै आएको हो । हाम्रो राष्ट्रिय झण्डामा रहेको सिम्रिक रङले नेपालको वीरतापूर्ण इतिहासलाई सङ्केत गर्दछ । यसका साथै यस रङले सधैँ कर्मशील बन्न पनि सबैलाई सत्प्रेरणा दिन्छ । नीलो रङ ज्ञान, बुद्धि र इमानको प्रतीक हो ।

### प्रश्नहरू

क) हाम्रो राष्ट्रिय झण्डाको भुइँको रङ कस्तो छ ?

ख) प्राचीनकालमा सिम्रिक रङलाई कस्तो रङ मानिन्थ्यो ?

ग) सिम्रिक रङमा के कस्ता विशेषताहरू रहेका छन् ?

घ) सिम्रिक रङले के कुरालाई सङ्केत गर्छ ?

ङ) 'अटल' र 'इमान' शब्दको अर्थ लेख्नुहोस् ।

२. राष्ट्रिय झन्डाका बारेमा एउटा कविता लेखी गुरुआमाबाट रुजु गराउनुहोस्:



एकाइ २

# कथा लेखन

१. **तल दिइएका बुदाका आधारमा कथा लेख्नुहोस् :**

कुनै ठाउँमा एउटा ठुलो जङ्गल हुनु ——— काग र कोइली त्यही जङ्गलमा बस्नु ——— दुवैमा राम्रो मित्रता हुनु ——— एक दिन दुवै काठमाडौँ घुम्न हिँड्नु ——— गोदावरी पुग्नु ——— स्याल काकासँग भेट हुनु ——— साँझ सबै जङ्गली जनावर जम्मा भएर स्याल काकाकहाँ रमाइलो कार्यक्रम गर्नु ——— सबैले आफ्नो प्रतिभा देखाउनु ——— काग र कोइलीले प्रशंसा गर्नु ——— कागलाई कसैले वास्ता नगरेकोमा रिस उठ्नु ——— ऊ खुरूखुरु आफ्नो बाटो लाग्नु ——— स्याल र कोइलीले कागलाई सम्झाउनु र नरिसाउन अनुरोध गर्नु ——— कागले मान्नु ——— सबै जना मिलेर बस्ने वाचा गर्नु ।

## मित्रता


कुनै गाउँमा एउटा ठुलो जङ्गल थियो । काग र कोइली पनि त्यही जङ्गलमा मिलेर बस्थे । उनीहरूका बिचमा घनिष्ट मित्रता थियो । उनीहरू जुनसुकै काम गर्दा पनि एकअर्कामा सरसल्लाह गर्थे । एक दिन कागलाई घुम्न जाने रहर लागेछ । उसले आफ्नो अभिन्न मित्र कोइलीसँग काठमाडौँ घुम्न जाने प्रस्ताव राखेछ । कोइलीले पनि मित्रको प्रस्ताव सहर्ष स्वीकार गरेछ ।

सल्लाहअनुसार खाना खाएर दुवै काठमाडौँ घुम्न निस्किएछन् । गफ गर्दै र मनमोहक दृश्य हेर्दै उनीहरू अघि बढेछन् । गफ गर्दै हिँड्दा उनीहरूले पहिले गोदावरी जाने निधो गरेछन् । उनीहरू गोदावरीमा पुगेछन् । गोदावरीको सुन्दर दृश्यले उनीहरूलाई मोहित पारेछ । त्यहाँको प्राकृतिक सौन्दर्यमा

लट्ठ पर्दै घुमिरहेको बेला अचानक स्याल काकासँग उनीहरूको भेट भएछ । उनीहरूले स्याल काकालाई घुम्न आउनुको उद्देश्य बताएछन् ।

गोदावरीमा सम्पूर्ण जनावरहरू मिलेर बस्ने परम्परा रहेछ । त्यहाँ कोही पाहुना आए भव्य स्वागत सत्कार गर्ने परम्परा रहेछ । यो कुरा काग र कोइलीले त्यहाँ पुगेपछि मात्र थाहा पाएछन् । काग र कोइलीको स्वागतका लागि स्याल काकाकहाँ सबै जङ्गली जनावर भेला भएछन् । उनीहरूले त्यहाँ रमाइलो कार्यक्रमको आयोजना गरेछन् । त्यहाँ उपस्थित सबै जनावरले आ–आफ्नो प्रतिभा देखाएछन् । काग र कोइलीको पनि प्रतिभा देखाउने पालो आएछ । पालैपालो दुवैले गीत गाएछन् । कोइलीको मिठो स्वरले सबैलाई मन्त्रमुग्ध पारेछ । कोइलीको सुमधुर स्वर सुनेर सबैले वाह वाह ! गरेछन् तर कागको स्वर कसैलाई मन परेनछ । सबैले कोइलीको प्रशंसा गरेको तर आफूलाई कसैले वास्ता नगरेको कुरा कागलाई पटक्कै मन परेनछ । उसलाई सारै रिस उठेछ । "म त यस्ता ठाउँमा बस्न सक्दिन" भन्दै झर्कँदै काग अघि बढेछ । स्याल र कोइलीले ऊ रिसाएको थाहा पाउने बित्तिकै नरिसाउन अनुरोध गरेछन् । "यस्तो बुद्धिमान् भएर सानातिना कुरामा रिसाएको सुहाउँदैन । त्यसैले आऊ, हामी सबै मिलेर बसौँ" भनेछन् । स्याल र कोइलीको कुरा कागले पनि मानेछ । त्यसपछि उनीहरू सबले एक आपसमा मिलेर बस्ने र कहिल्यै झगडा नगर्ने प्रतिज्ञा गरेछन् । उनीहरूको मेलमिलाप पछिसम्म पनि सबैका लागि चर्चाको विषय बनेछ ।

कुनै पनि घटनामा पात्रहरूलाई समावेश गरेर वर्णन गरिएको कलात्मक रचनालाई **कथा** भनिन्छ ।



## अभ्यास

**(क) तल दिइएका बुँदाहरूका आधारमा छोटो कथा लेख्नुहोस् :**

कुनै जङ्गलमा एउटा मृग चरिरहनु ——— एउटा बाघ त्यहाँ पुग्नु ———

उसले मृगलाई खान खोज्नु ——— मृगले खुट्टोमा काँडा बिझेको नक्कल

गर्नु ——— काँडासमेत खाँदा मुखमा बिभ्ने तर्क मृगले राख्नु ——— खुट्टामा बिभ्केको काँडो भिकेर मृगलाई मार्न बाघ सहमत हुनु ——— काँडो निकाल्न बाघले मृगको खुट्टामा ध्यान दिएर हेर्नु ——— त्यही बेला कसेर लात्ताले हानी मृगले बाघको दाँत भार्नु ——— बाघ पीडाले रन्थनिनु ——— मृग भाग्नु ——— नआत्तीकन बुद्धि पुऱ्याई काम गरे जस्तोसुकै सङ्कटबाट मुक्ति पाइने सन्देश ।

**(ख) तलका बुँदाहरू समेटेर एउटा रमाइलो यात्राकथा लेख्नुहोस् :**

बिहान गृहकार्य गर्नु ——— साढे आठ बजे खानाखानु ——— विद्यालयले तोकेका लुगा लगाउनु ——— छिमेकी साथी दिनेश, शोभा र कवितासँगै विद्यालय जानु ——— नेपाली, गणित, विज्ञान, सामाजिक शिक्षाका पाठ पढ्नु ——— दिउँसो चार बजे विद्यालय छुटेको घण्टी बज्नु ——— कोपिला, तारा, पुरुषोत्तम साथीसँग मिलेर घर जानु ।

एकाइ ३

# जीवनी लेखन

१. **तल दिइएका बुँदाका आधारमा जीवनी लेख्नुहोस् :**

| | | |
|---|---|---|
| नाम | – | सिद्धिचरण श्रेष्ठ |
| जन्मस्थान | – | ओखलढुङ्गा |
| जन्ममिति | – | वि. सं. १९६९ ज्येष्ठ शुक्ल पञ्चमी |
| पिता | – | विष्णुचरण श्रेष्ठ |
| माता | – | नीरकुमारी |
| शिक्षा | – | औपचारिक शिक्षा ८ कक्षासम्म मात्र तर प्रशस्त स्वाध्ययन |
| साहित्यिक प्रवृत्ति | – | नेपाली साहित्यमा स्वच्छन्दतावादी काव्यधाराको सहप्रवर्तन |
| पुरस्कार तथा सम्मान | – | युगकवि उपाधिले सम्मानित, विद्रोही स्वभावका कवि, प्रकृतिप्रेमी तथा राष्ट्रप्रेमी कवि |
| कृतिहरू | – | उर्वशी, मेरो प्रतिविम्ब, कुहिरो र घाम, कोपिला आँसु, सिद्धिचरणका प्रतिनिधि कविता आदि |
| मृत्यु | – | वि. स. २०४९ काठमाडौँ |

## सिद्धिचरण श्रेष्ठ


शुक्ल पञ्चमीका दिन पिता विष्णुचरण श्रेष्ठ र माता नीरकुमारी श्रेष्ठको पुत्रका रूपमा ओखलढुङ्गा बजारमा सिद्धिचरण श्रेष्ठको जन्म भएको थियो। नेपाली साहित्यमा युगकविको रूपमा परिचित श्रेष्ठ सानै उमेरदेखि साहित्यमा रुचि

राख्थे । सिद्धिचरण श्रेष्ठले औपचारिक शिक्षा दरबार विद्यालयबाट कक्षा आठसम्म मात्र हासिल गरेका थिए । यति मात्र नभएर उनले अनौपचारिक रूपमा विभिन्न विषय स्वाध्ययन गरेर आफ्नो ज्ञानको क्षेत्र फराकिलो



पारेका थिए । वि.स. १९९० मा गोरखापत्रमा 'भुइँचालो' शीर्षकको कविता लेखेर उनले आफ्नो साहित्यिक यात्रा सुरुवात गरे । उनले निरन्तर रूपमा साहित्यमा लागि रहँदा विभिन्न कृतिहरू सिर्जना तथा प्रकाशन गरे । उनका प्रमुख प्रकाशित कृतिहरूमा उर्वशी, मेरो प्रतिविम्ब, कुहिरो र घाम, कोपिला, आँसु सिद्धिचरणका प्रतिनिधि कविताजस्ता कविता सङ्ग्रह इत्यादि हुन् । महाकवि लक्ष्मीप्रसाद देवकोटाले प्रवर्तन गरेको स्वच्छन्दतावादी धाराको सहप्रवर्तक भएर उनले नेपाली साहित्यलाई उर्वर तुल्याउने काम गरे । प्रकृतिप्रेम, राष्ट्रप्रेम, समाजसुधार, व्यङ्ग्य, विद्रोह आदि उनका साहित्यिक विशेषता हुन् । उनी त्रिभुवन पुरस्कार २०२७, पृथ्वी प्रज्ञा पुरस्कार २०४५, वेदनिधि पुरस्कार २०४६ द्वारा पुरस्कृत भएका छन् । अनवरत रूपमा काव्यसाधनामा लागेर नेपाली साहित्यको भण्डार भर्ने श्रेष्ठको मृत्यु वि.सं. २०४९ मा काठमाडौँमा भएको थियो ।

कुनै व्यक्तिको जीवनलाई उजागर गर्न उसले जीवनभर गरेका कामकुराको क्रमबद्ध लेखनलाई **जीवनी** भनिन्छ ।



## अभ्यास

**(क) दिइएका बुँदाका आधारमा छोटो जीवनी तयार पार्नुहोस् :**

नाम : विष्णुकुमारी वाइबा

साहित्यिक नाम : पारिजात

जन्मस्थान : भारतको दार्जिलिङ (वि.सं. १९९४)

पिता/माता : के.एन. वाइबा/अमृत मोक्तान

कृतिहरू : शिरीषको फूल, बैँसको मान्छे, महत्ताहीन आदि (उपन्यास), सडक र प्रतिभा, आदिम देश (कथासंग्रह) आकाङ्क्षा, बैँसालु वर्तमान (कवितासङ्ग्रह) धुपी सल्ला र लालिगुँरासको फेदमा निबन्ध सङ्ग्रह आदि ।

विशेषता : विसङ्गतिवाद, अस्तित्ववाद, शून्यवाद, प्रगतिवादजस्ता आधुनिक वादहरूको प्रभावबाट साहित्यिक रचना गर्ने विशिष्ट नारी प्रतिभा, बहुमुखी प्रतिभाकी धनी, प्रसिद्ध आख्यानकार, साहित्यले समाज सुधार गर्न सक्नुपर्छ भन्ने विचार भएकी लेखिका, शारीरिक कष्ट एवम् आर्थिक दुरावस्था भए पनि मानसिक सबलताले सम्पन्न सङ्घर्षशील नारी प्रतिभा, अविवाहित जीवन बिताएकी ।

मानसम्मान : मदन पुरस्कार, गङ्की वसुन्धरा पुरस्कार, सर्वश्रेष्ठ पाण्डुलिपि पुरस्कार आदि ।

निधन : वि.सं. २०५० वैशाख ५ काठमाडौँ ।

एकाइ ४

# संवाद लेखन

## पत्रपत्रिकाको महत्त्व

(प्रदीप र प्रकाश मिल्ने साथी हुन् । प्रदीप विद्यालयको वाचनालयमा बसेर पत्रिका पढ्दै छ । त्यसैबेला प्रकाश त्यहाँ आइपुग्छ र दुवै जना कुराकानी गर्न थाल्छन् ।)

प्रकाश : ए प्रदीप, के गरिरहेको हँ ?

प्रदीप : म त फुर्सदमा यो गोरखापत्र पढिरहेको नि ।

प्रकाश : के छ र पत्रिकामा त्यस्तो एकोहोरिरहेको त ?

प्रदीप : ल, पत्रिका पढ्न पनि केही हुनुपर्छ र ?

प्रकाश : अनि किन पत्रिकैमा एकोहोरिरहेको त ?

प्रदीप : देश विदेशका समाचार थाहा पाउन । अझ पत्रिकामा त नयाँनयाँ कुरा, मनोरञ्जन तथा ज्ञानविज्ञानका खबरहरू छापिएका हुन्छन् ।

प्रकाश : ए ! त्यस्तो पो हो । त्यसमा नयाँ नयाँ कुरा तथा ज्ञानविज्ञानका खबरहरू छापिएका हुन्छन् ।

प्रदीप : विद्यार्थी भएपछि सबै कुरा जान्नुपर्छ बुझ्यौ ?

प्रकाश : जानेर के गर्ने नि ?

प्रदीप : तिमी त कस्तो कुरा गर्छौ ? हामी विद्यार्थीले किताबका कुरा मात्र पढेर पुग्छ र ? हाम्रो काम नै धेरैभन्दा धेरै कुरा जान्नु हो । हामीले कहाँ के कुरा भइरहेको छ ? वैज्ञानिकहरूले के अनुसन्धान गर्दै छन् ? अन्तर्राष्ट्रिय जगतमा के के भइरहेको छ ? आदि कुरा बुझेमा हामीलाई नै फाइदा हुन्छ होइन र ? फेरि पोहोर सालको सामाजिक अध्ययनको परीक्षामा समसामयिक घटनाहरूबाट प्रश्न आएको तिमीले बिर्स्यौ ?

प्रकाश : यस्ता कुरा त पाठ्यपुस्तकबाट पनि थाहा हुन्छ नि ।

प्रदीप : हो, किताबबाट पनि थाहा हुन्छ तर पत्रपत्रिकामा अझ बढी कुरा दिएको हुन्छ । देश विदेशका ताजा खबरहरू हुन्छन्, खेलकुद, मनोरञ्जन, धर्म, राजनीति, खोज, अनुसन्धानदेखि लिएर अन्य विविध कुरा हुन्छन् ।

प्रकाश : मलाई तिम्रो कुरा एकदम सही लाग्यो । म तिमीलाई आजदेखि प्रेरणाको स्रोत मान्छु ।

प्रदीप : सही कुरा सधैँ सही हुन्छ । समयमै कुरा बुझ्यौ, यसबाट तिमीलाई धेरै फाइदा हुन्छ ।

प्रकाश : अबदेखि म पनि पत्रिका पढ्ने बानी बसाल्छु । हिँड प्रदीप, घण्टी पनि लाग्यो कक्षामा जाऊँ ।

प्रदीप : ल, ल जाऊँ । (दुवै जना कक्षामा जान्छन् ।)

कुनै पनि विषयमा दुई अथवा दुईभन्दा बढी व्यक्तिहरूको बिचमा हुने कुराकानी अथवा छलफललाई **संवाद** भनिन्छ ।

## अभ्यास

१. पुस्तकको महत्त्व शीर्षकमा दुईजना बिचका संवाद तयार पार्नुहोस् ।

२. अनुशासनको महत्त्व शीर्षकमा दुई जना बिचको संवाद तयार पार्नुहोस् ।

एकाइ ५

# चिठी/निवेदन लेखन

१. **गाईजात्राका बारेमा वर्णन गर्दै साथीलाई चिठी लेख्नुहोस् :**

मिति : २०७८/०१/२५

प्रिय साथी रवि,

नमस्ते !

यहाँ मलाई सन्चै छ । त्यहाँ सबैलाई आरामै होला । हाम्रो परीक्षा सकिएपछि गर्मी बिदा भयो । म केही दिनका लागि काठमाडौँ गएकी थिएँ । संयोगले त्यहाँ मैले गाईजात्रा हेर्ने अवसर पाएँ । यसअघि कहिल्यै गाईजात्रा हेरेकी थिइनँ । काठमाडौँ उपत्यकामा मनाइने विभिन्न जात्राहरूमध्ये यसलाई विशेष रोचक जात्राका रूपमा लिने गरिँदो रहेछ ।

गाईजात्राका दिन बिहानदेखि जोगी र गाईजस्ता बनेर सहरका सडकमा मानिसहरू घुम्दा रहेछन् । कसैकसैले त साँच्चिकै गाई लिएर घुमेको पनि देखियो । त्यसो त काठमाडौँमा देवीदेवताका नाममा विभिन्न जात्राहरू बडो उत्साह एवम् हर्षका साथ मनाउने चलन रहेछ । यहाँ मनाइने इन्द्रजात्रा, घोडेजात्रा, गठेमङ्गल, धान्यपूर्णिमा एवम् वैशाख पूर्णिमाजस्ता चाडपर्वको कुराचाहिँ पहिले पनि सुनेकी थिएँ । आफ्नै आँखाले हेर्ने अवसर भने पाएको थिइनँ । प्रत्येक चाडपर्वको छुट्टै सांस्कृतिक विशेषता हुन्छ । गाईजात्राको पनि आफ्नै विशेष परम्परा कायम भएको कुरा जानकारी भयो । मल्लकालमा राजा प्रताप मल्लकी पत्नीले आफ्नो

पुत्रको मृत्युमा ठुलो शोक गरिन् रे ! रानीको पीडालाई कम गर्न राजाले गाईजात्रा चलाउने निधो गरेछन् । त्यति बेलादेखि नै हरेक वर्ष कसैको घरमा कोही मरेको छ भने त्यस घरबाट गाई लिई जात्रामा सामेल हुने परम्परा बसेको रहेछ । यो जात्रा हरेपछि वर्ष दिनभित्र कति मानिस मरेका रहेछन् भने कुरको मोटामोटी अन्दाज लगाउन सकिँदो रहेछ । राजाले आफ्नी रानीलाई हाम्रो छोरो मात्र होइन, अरूका घरमा पनि मानिस मर्छन्, ल हेर त' भनी गाईजात्रा देखाएर उनको चित्त बुझाइदिएका थिए रे ।

यस आधारमा गाईजात्राको महत्त्वलाई मृतक आत्माप्रति श्रद्धाञ्जलि र शान्तिको कामना गर्ने दिनको रूपमा लिइएको रहेछ । यो जानकारी तिम्रा लागि पनि रोचक नै होला भनेर यसबारे लेखेकी हुँ । थप कुराकानी अर्को पत्रमा लेखौँला ।

धन्यवाद !

तिम्रो साथी

रजनी अर्याल

## खामको नमुना

टिकट

पठाउने

रजनी अर्याल
भरतपुर नगरपालिका,
वडा नं ४, चितवन,
नेपाल ।

पाउने

श्री रविदत्त भट्ट
श्री बज्रवाराही माध्यमिक विद्यालय,
गड्डाचौकी–२, कञ्चनपुर,
महाकाली अञ्चल, नेपाल ।

## २. छुटेको परीक्षा दिन पाऊँ भनी प्रधानाध्यापकलाई निवेदन लेख्नुहोस् :

मिति : २०७८/०१/२०

श्रीमान् प्रधानाध्यापकज्यू,
अरुणोदय माध्यमिक विद्यालय,
दक्षिणकाली – ४, काठमाडौँ ।

विषय : छुटेको परीक्षा दिन पाऊँ ।

महोदय,

उपर्युक्त विषयमा सर्वप्रथम मिति २०७७ चैत्र ७ गतेदेखि मलाई ज्वरो आएकोले म वीर अस्पतालमा भर्ना हुनुपरेको कुरा अवगत गराउन चाहन्छु । त्यस समयमा उपचारका लागि म ५ दिन अस्पतालमा भर्ना भएको कागजातको छायाप्रति यसै निवेदनसँगै सङ्कलन गरी पेस गरेको छु । यसरी उपचारमा लागि रहँदा मेरो नेपाली र अङ्ग्रेजी विषयको परीक्षा छुटेकाले ती परीक्षा दिन पाऊँ भनी विनम्र निवेदन गर्दछु ।

निवेदक
सोनाम लामा
कक्षा – ५
क्रमाङ्क – १०

एउटा व्यक्तिले अर्को व्यक्तिलाई, एउटा संस्था अथवा कार्यालयले अर्को कार्यालय अथवा व्यक्तिलाई लेखिएको लिखित सन्देशलाई चिठी भनिन्छ । त्यसैगरी कुनै संस्था अथवा विशिष्ट व्यक्तिका नाममा लेख्ने दरखास्त अथवा निवेदन पनि चिठीअन्तर्गत पर्दछ ।

एकाइ ५

# निबन्ध लेखन

१. **टेलिभिजनको महत्त्वको बारेमा निबन्ध लेख्नुहोस् :**

## टेलिभिजनको महत्त्व



विज्ञानले गरेका विभिन्न आविष्कारमध्ये टेलिभिजनलाई एउटा महत्त्वपूर्ण श्रव्य दृश्य सामग्रीका रूपमा लिन सकिन्छ । टेलिभिजन सञ्चार क्षेत्रका लागि वरदान साबित भएको छ । यो विश्वका कुनै पनि क्षेत्रमा घटेका घटनाहरूलाई तत्कालै सूचना र सन्देश दिने उपयोगी माध्यम बनेको छ । टेलिभिजन यस्तो सञ्चारको माध्यम हो जसका माध्यमबाट विगतमा भएगरेका तथा वर्तमानमा हुँदै गरेका घटनाहरू सहज रूपमा हेर्न र सुन्न सकिन्छ । यो दूर सञ्चारसँग सम्बन्धित प्रविधि हो । यसबाट धेरै टाढाबाट प्राप्त सूचनाहरू आदान प्रदान गर्ने काम हुन्छ । विद्युतीय टेलिग्राफको आविष्कार भएपछि दूर सञ्चारका क्षेत्रमा क्रान्ति नै आएको पाइन्छ ।

टेलिभिजनमा रिसिभर, ट्रान्समिटर, स्क्रिन आदि विभिन्न भागहरू हुन्छन् ।


यिनीहरूकै माध्यमबाट विभिन्न कार्यक्रमहरू आम दर्शकसमक्ष प्रसारण गर्ने गरेको पाइन्छ । टेलिभिजनबाट प्रसारण हुने विभिन्न कार्यक्रमहरू हेरेर हरेक उमेर समूहका मानिसहरूका लागि उत्तिकै उपयोगी मानिन्छ । केटाकेटी, बुढाबुढी सबैका लागि उपयोगी कार्यक्रमहरू प्रसारण हुने भएकाले पनि यसलाई उपयोगी सञ्चारको माध्यम मानिन्छ ।

आजभोलि बजारमा विभिन्न आकार तथा मूल्यका टेलिभिजनहरू पाइन्छन् । हेर्दै आकर्षक र छरितो खालका टेलिभिजनप्रति मानिसको ध्यान आकर्षित हुँदै गएको पाइन्छ । यस्ता विभिन्न आकारका टेलिभिजनबाट स्वास्थ्य, शिक्षा, खेलकुद, मनोरञ्जन आदि विभिन्न उपयोगी सामग्रीहरू प्रसारण हुने गरेको पाइन्छ । यसरी टेलिभिजन मनोरञ्जन मात्र नभएर शिक्षाको एक महत्त्वपूर्ण साधन बन्न पुगेको छ । त्यसकारण टेलिभिजन युवा, वृद्ध, बालबालिका, गृहिणी, किसान, मजदुर, शिक्षक, विद्यार्थी, वकिल, पत्रकार, डाक्टर, इन्जिनियर सबैका लागि अति उपयोगी साधन बन्न पुगेको छ ।

टेलिभिजन शिक्षा तथा सञ्चारको सशक्त र लोकप्रिय साधन हुँदाहुँदै पनि यसका नराम्रा पक्ष पनि नभएका होइनन् । टेलिभिजनबाट प्रसारण हुने शिक्षाप्रद कार्यक्रमले कतिपय मानिसको जीवनमा आमूल परिवर्तन ल्याइदिएको पाइन्छ । त्यसैगरी टेलिभिजनबाट प्रसारण हुने जस्तासुकै कार्यक्रम हेर्नाले समाजमा विकृति र विसङ्गतिले फस्टाउने मौकासमेत पाएको छ । बाल बालिकामा कतिपय अस्वाभाविक बानीहरूको विकास भएको पनि पाउन सकिन्छ । त्यसैले टेलिभिजनबाट प्रसारण हुने यस्ता कार्यक्रमहरू के, कसका लागि र किन भन्ने प्रश्नको उत्तरलाई ध्यान दिएर बनाइनुपर्छ र हेरिनुपर्छ । सस्तो प्रेम, हत्या, हिंसा, बलात्कार, चोरी, डकैती, ठगी, लुटपाट र समाजमा नकारात्मक असर पार्ने खालका कार्यक्रम र त्यस्ता दृश्यहरू देखाउनु हुँदैन । नकारात्मक कुरा पस्केर कहिल्यै सकारात्मक सन्देश दिन सकिँदैन भन्ने कुरालाई विशेष ख्याल गर्नुपर्छ । सामाजिक मूल्य र मान्यता विपरीतका कार्यक्रमहरू यस्ता सञ्चारका साधनबाट कहिल्यै पनि प्रसारण गर्नु हुँदैन ।

आजभोलि टेलिभिजन सबैका लागि अति आवश्यक वस्तु बन्न गएको छ । यसको अभावमा मानव जीवन नै अधुरो झैँ लाग्न थालेको छ । संसारका वैज्ञानिक उपकरणमध्ये टेलिभिजन भरपर्दो र विश्वसनीय माध्यम बन्न पुगेको छ । शिक्षा, स्वास्थ्य, मनोरञ्जन, समाचारजस्ता कुरालाई प्रसारण गर्ने भएकोले यो आज मानवका लागि अपरिहार्य आवश्यक वस्तु बन्न पुगेको पाइन्छ ।

कुनै व्यक्तिमा उत्पन्न भएका विभिन्न भाव अथवा विचारहरूलाई सुसङ्गठित रूपमा संयोजित गरी लेखिएको रचनालाई **निबन्ध** भनिन्छ । यो गद्य भाषामा लेखिन्छ ।



## अभ्यास

१. **तलका शीर्षकहरूमा निबन्ध लेख्नुहोस् :**

क) सरस्वती पूजा

ख) मेरो विद्यालय

ग) मेरो जीवनको लक्ष्य

घ) गाईजात्रा

ङ) मेरो देश

च) तिहार

एकाइ ७

# कविता लेखन

## आह्वान गीत

–उद्धव खरेल


भक्तिले पूजा गरिदेऊ ढुङ्गामा द्यौता भेटिन्छ
कर्ममा जुटौँ नेपाली गरिबी रेखा मेटिन्छ ।

आजको हाम्रो पौरखमा भोलिको ऐना हेरिन्छ
पाखुरी चले जाँगरमा नेपाली भाग्य फेरिन्छ
देशको इज्जत बढे पो नेपाली मान चुलिन्छ
नथाकी हामी हिँडे पो प्रगतिथुम्की पुगिन्छ ।

देशको शक्ति मानिस हो, मानिस लागे बन्दछ
चरित्र हाम्रो बने पो जगत्ले राम्रो भन्दछ
देशको लागि मर्नेको अमर नाम लेखिन्छ
सबैको मन मिले पो उज्यालो आकाश देखिन्छ ।

एकताभित्र जुटेमा संसार सारा हाँकिन्छ
आपसमा हामी फुटेमा सपना हाम्रो मासिन्छ
तराई पहाड यौटै हो एकताभित्र फुलिद्यौ ।
सबको साझा नेपाल रिस र राग भुलिद्यौ ।

कविद्वारा आफ्ना अनुभूति अथवा स्फूर्त भावनालाई छन्द अथवा लयमा उनेर प्रस्तुत गरिएको पद्यात्मक अथवा गद्यात्मक साहित्यिक रचनालाई **कविता** भनिन्छ ।



### अभ्यास

**आफूलाई मनपर्ने कुनै एक शीर्षकमा एउटा कविता लेख्नुहोस् :**